# वर्गदृष्टि

Bargadrishti Weekly साप्ताहिक



परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निश्पक्ष खबर तथा विचारका लागि सँधै हेर्नै र पढ्ने गरौं।

www.moolbato.com



वर्ष १ अङ्क २ | २०७३ असार १३ गते सोमबार | June 27, 2016 | पृष्ठ ८ | मूल्य रु. १०/-


## क्रान्तिकारी माओवादीको राष्ट्रिय भेला भव्य रुपमा सम्पन्न

# कार्यदिशा समृद्ध गर्न आन्तरिक बहस सुरु

- ९५ सदस्यीय केन्द्रीय समिति
- आउँदो फागुनमा राष्ट्रिय सम्मेलन
- मोर्चा निर्माणको प्रस्ताव पारित
- २७-बुँदे समसामयिक प्रस्ताव पारित

यही असार ६, ७ र ८ गते राजधानी सहर काठमाडौँमा आयोजित क्रान्तिकारी माओवादीले आफ्नो राष्ट्रिय भेला शानदार रुपमा सम्पन्न गरेको छ। भृकुटी मण्डपस्थित राष्टिय सभागृहमा उद्घाटन भई पुरानो बानेश्वरको ओमशाई पार्टी प्यालेसमा बन्दसत्र सम्पन्न भएको क्रान्तिकारी माओवादीको राष्ट्रिय भेलामा सबैको ध्यानाकर्षण भएको थियो । क्रान्तिकारी विचार, क्रान्तिकारी नेतृत्व र क्रान्तिकारी पार्टीको रक्षाका लागि वर्तमान पार्टी अध्यक्ष मोहन वैद्य 'किरण' को नेतृत्वमा २०६९ असारमा तात्कालीन नेकपा (एकीकृत माओवादी) बाट अलग्गिएको थियो । त्यसपछिको छोटो अवधिमै विप्लवको नेतृत्वमा २०७१ मंसीरमा पहिलो पटक र बादलको नेतृत्वमा २०७३ जेष्ठमा दोस्रो पटक गरी दुईदुई पटक पार्टी विभाजनको पीडा खेपेको यो पार्टीको राष्टिय भेला यति भव्य रुपमा सम्पन्न होला भनेर कमैले विश्वास गरेका थिए। २०७३ कातिक महिनामा कमरेड परि थापाको नेतृत्वमा रहेको नेकपा (एकीकृत) सँग गरिएको वैचारिक तथा साङ्गठनिक एकताले बादलको बहिर्गमनलाई केही क्षतिका बाबजुद सहजै पचाउनसक्ने आत्मगत स्थितिको पैदा भइसकेको थियो। विचार, नेतृत्व र नैतिकताको उत्कृष्ट उदाहरणको रुपमा रहन र जनताको मन जित्न सफल क्रान्तिकारी माओवादीको यो भेलाले आउने फागुन महिनामा राष्ट्रिय सम्मेलन गर्ने र सो सम्मेलनबाट राजनीतिक तथा फौजी दुवै कार्यदिशाको पूर्णतामा समृद्ध गरी नयाँ जनवादी क्रान्तिको तयारीमा अघि बढ्ने कार्यालय निकट स्रोतले बताएको छ।




**९५ सदस्यीय केन्द्रीय समिति**

भेलाको बन्द सत्रमा पार्टीका अध्यक्षद्वारा डबल डिजिट अर्थात दुई अङ्क नबढाउने गरी केन्द्रीय समितिको प्रस्ताव भएपछि सातशय सय प्रतिनिधिको सक्रिय सहभागिता भएको उक्त भेलाले ९५ सदस्यीय केन्द्रीय समिति निर्माण... *बाँकी ८ पेजमा*

## विज्ञप्ति र समसामयिक प्रस्ताव

२०७३ असार ६ देखि ८ गतेसम्म काठमाडौंमा नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) को ऐतिहासिक राष्ट्रिय भेला सञ्चालित भई सम्पन्न गरियो । यस राष्ट्रिय भेलाका कार्यक्रम तथा निर्णयहरूबारे यस प्रेसविज्ञप्ति मार्फत् सार्वजनिक रूपमा जानकारी गराइएको छ ।

**उद्घाटन सत्र**

१- २०७३ असार ६ गते अपरान्ह २:३० मा केन्द्रीय समितिको केन्द्रीय सङ्गठन ब्युरोका सदस्य क. सीपी गजुरेलको उद्घोषण तथा अध्यक्ष क. किरणको अध्यक्षतामा ऐतिहासिक राष्ट्रिय भेलाको प्रारम्भ भयो ।

२- प्रारम्भमा सामना सांस्कृतिक परिवारका कलाकारहरूसित अन्तर्राष्ट्रिय गीत गायन गरियो ।

३- केन्द्रीय समितिको केन्द्रीय सङ्गठन ब्युरोका सदस्य क. परी थापाद्वारा स्वागत भाषण गरियो ।

४- नेपाली तथा विश्व क्रान्तिका वीर अमर सहिदहरूप्रति एक मिनेट मौन धारण गरी भावपूर्ण श्रद्धाञ्जली अर्पण गरियो ।

५- अध्यक्ष क. किरणद्वारा राष्ट्रिय भेलाको समुद्घाटनसहित उद्घाटन मन्तव्य दिइयो । सो मन्तव्यमा वहाँले यस भीषण दुई लाइनसङ्घर्षमा दक्षिणपन्थी ... *बाँकी ५ पेजमा*

## क्रान्तिकारी माओवादी निकट जबस मोर्चाहरु

# सङ्गठन सुदृढिकरण र संघर्षका कार्यक्रमको तयारीमा

**काठमाडौं ।** नेकपा (क्रान्तिकारी माओवादी)को राष्ट्रिय भेलाको क्रान्तिकारी स्पिरिटलाई समात्दै सो पार्टी निकट जबस मोर्चाहरु सङ्गठन सुदृढीकरण तथा विस्तार अभियानमा तीव्रताका साथ जुटेका छन् । पार्टीको भेला सकिएलगत्तै बसेका जबस मोर्चाहरुका बैठकहरुले राष्ट्रिय भेला/सम्मेलनको मिति तोकेर सङ्गठन सुदृढीकरण तथा विस्तार अभियानमा जुटेका छन् ।

प्राप्त जानकारी अनुसार, मधेशका चर्चित युवा नेता तथा साहित्यिक व्यक्तित्व रोशन जनकपुरीको नेतृत्वमा रहेको मधेशी राष्ट्रिय मुक्ति मोर्चाको भेला साउन १० देखि १५ गतेसम्म धनुषाको जनकपुरमा हुने भएको छ । भेलालाई भव्य र ऐतिहासिक बनाउन मोर्चाले नेपालका ७३ जिल्लाबाट र दिल्ली, मुम्बइ, जुगरात, हरियाणा, हैदरावाद, पंजाव, बेलायत र अमेरिकाबाट प्रतिनिधिहरु सहभागी गराउने कार्यक्रम तय गरेको छ । अधिकारका लागि मधेश र मधेशी जनता लामो समयदेखि आन्दोलनरत छन् । मधेश जलिरहेको यो घडीमा मुलुककै राजनीतिमा क्रान्तिकारी धारको नेतृत्व गरिरहेको नेकपा (क्रान्तिकारी माओवादी)को संघटक सो मोर्चाको यस भेलालाई विशेष महत्वका साथ हेरिएको छ र मधेश र मधेशी जनताको वास्तविक मुक्तिको मार्ग पहिल्याउने सही नीति तर्जुमा सो भेलाले गर्ने पनि अपेक्षा गरिएको छ ।

अग्र मोर्चामा रहेर भूमिका प्रदर्शन गर्नुपर्ने र गर्दै आएको क्रान्तिकारी पत्रकार महासंघको राष्ट्रिय सम्मेलन साउन २४ र २५ गते काठमाडौंमा हुने भएको छ । महासंघका संयोजक कुमार शाहले दिएको जानकारी अनुसार देशैभरिबाट र प्रवास तथा अन्तर्राष्ट्रिय भाइचरा सङ्गठनहरुको समेत उपस्थितिमा भव्य रुपमा सम्मेलन गर्न लागिएको छ । स्थापनाकालदेखि नै यो महासंघले श्रमजीवि पत्रकार तथा जनपक्षीय मिडियाहरुको अधिकार प्राप्तिका लागि तथा हित संरक्षण र प्रबर्द्धनका निम्ति खेल्दै आएको नेतृत्वदायी भूमिका नेपालको पत्रकारिता आन्दोलनमा उल्लेखनीय रहँदै आएको छ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक, श्रमजीवि पत्रकार ऐनको कार्यान्वयन र जनपक्षीय तथा साना लगानीका मिडियाहरुका लागि समानुपातिक विज्ञापन नीतिको कार्यान्वयनको पक्षमा यो महासंघले निरन्तर आवाज उठाउँदै आएको छ । सो महासंघको सम्मेलनपछि यसले अझ प्रभावकारी र नेतृत्वदायी भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ ।

यता जुझारु युवा नेता चन्द्रहरि सुवेदी'अटल'को संयोजकत्वमा पुनर्गठन गरिएको युवा सङ्गठनले भदौं १४ र १५ गते काठमाडौंमा भेला गर्ने जानकारी दिएको छ । प्राप्त जानकारी अनुसार देशैभरिका १६ वटा राज्य र प्रवास गरेर १७ वटा राज्यमा रहेका क्रान्तिकारी युवाहरुलाई संगठित गरेर भेलालाई भव्य र ऐतिहासिक बनाउने तयारीमा क्रान्तिकारी युवाहरु ... *बाँकी ७ पेजमा*

## माकेका मजदुर नेतासहित दर्जनौं क्रान्तिकारी माओवादीमा प्रवेश

**काठमाडौं ।** हालै गठित नेकपा (माओवादी केन्द्र) सम्बद्ध औद्योगिक मजदुर संघका संस्थापक नेता सिताराम न्यौपानेको नतृत्वमा दर्जनौं मजदुर नेता तथा संयौं कार्यकर्ताले माओवादी केन्द्र परित्याग गर्दै नेकपा (क्रान्तिकारी माओवादी) प्रवेश गरेका छन् । माकेसम्बद्ध अखिल नेपाल ट्रेड यूनियन महासंघ क्रान्तिकारी विचार र राजनीतिबाट च्यूत भइसकेको र मजदुर आन्दोलनको नेतृत्व गर्न असक्षम र अयोग्य भएको भन्दै उनीहरु क्रान्तिकारी माओवादीमा प्रवेश गरेका हुन् । नेता न्यौपानेका अनुसार माके सम्बद्ध महासंघ आइएलओ र अन्य दातृ निकायहरुको परियोजना कार्यान्वयन गर्ने गैरसरकारी संस्थाको भूमिकामा सीमित हुन पुगेको छ, जसले लाखौं मजदुरहरुको हक, हित र अधिकार विरुद्धको नयाँ श्रम ऐनमा हस्ताक्षर गरेर मजदुरविरोधी चरित्र प्रदर्शन गरेको छ ।

# राष्ट्रिय भेलाको ऐतिहासिक महत्व



चन्द्रहरि सुवेदी 'अटल'

नेकपा (क्रान्तिकारी माओवादी) को राष्ट्रिय भेला यही अषाढ ६-८ गते भव्यरुपमा सम्पन्न भएको छ । नेपाली कम्युनिस्ट आन्दोलनमा एकता र फुटको लामो श्रृङ्खला छ । हरेक फुट र एकता देख्दा उस्तै लागेपनि त्यो वर्तुलाकारको रुपमा माथिल्लो बिन्दुमा पुगेर भिन्न र उच्च रुपमा देखा पर्दछ । २०७२ कात्तिक २२ गते एकता अधिवेशनद्वारा नेकपा-माओवादी र नेकपा (एकीकृत) बीच एकता भई नेकपा (क्रान्तिकारी माओवादी) बनेको ठीक साढे ६ महिनामा क्रान्तिकारी माओवादीमा फुट देखा पऱ्यो ।

पार्टी भनेको विचार हो । विचार मिलुन्जेल एकै ठाउँमा बस्ने र जनवादी केन्द्रीयताको आधारमा पार्टी सञ्चालन गर्ने हो । विचारमा भिन्नता भएपछि फुट, विद्रोह र पलायन हुने हो । दुईलाइन सङ्घर्ष पेचिलो, आवेग, आक्रोश र सङ्घर्षले भरिपूर्ण हुन्छ । दुई भिन्न वर्गदृष्टिकोण शोषक र शोषित बीचमा समाजमा चल्ने वर्गसङ्घर्षकै प्रतिबिम्ब हो- पार्टीभित्र अन्तर्सङ्घर्ष वा दुईलाइन संघर्ष । अर्को लोक र ग्रहबाट मानिसहरु नआएर यही समाजका मानिसहरु पार्टीमा भर्ती हुने हुँदा समाजकै प्रतिबिम्ब पार्टीमा पर्दछ । त्यसैले त लेनिनले अन्तर्सङ्घर्ष कसैको पाप र सनकको विषय नभएर वर्गसङ्घर्षको स्वभाविक उपज हो, भन्नुभएको छ । अन्तरसङ्घर्ष तथा दुईलाइन सङ्घर्षमा आफ्ना विचारहरुलाई श्रेष्ठ सावित गर्न पार्टीका हरेक सदस्यहरुसम्म लगेर वैचारिक बहस गर्दै महाधिवेशनसम्म लगेर फैसला गर्ने विधि हो। यसो गर्दा त्यसले हरेक पार्टी नेता कार्यकर्ताहरुको चेतनास्तर उठ्ने र 'वादे वादे जायते तत्वबोध' हुने गर्दछ । तर नेपाली कम्युनिस्ट आन्दोलनका पछिल्ला ४० वर्षको इतिहासमा जम्मा दुईपटक मात्र यो विधि लागू भएको इतिहास हाम्रा सामु छ । एउटा ०४१ सालमा भएको पाँचौं महाधिवेशनमा १० जना पार्टी सदस्य बराबर १ जना प्रतिनिधि चुनिएको थियो। सो महाधिवेशनले १३ दिनसम्म बहस गरी प्रस्तावित प्रतिवेदनमाथि सापेक्ष छिनोफानो गरेको थियो । हरेक पार्टी सदस्यलाई त्यसले वैचारिक-राजनीतिक रुपमा प्रशिक्षित गरेको थियो । त्यसैगरी ०४८ सालमा भएको एकता महाधिवेशनमा हरेक सय जना पार्टी सदस्यका बीचबाट एकजना प्रतिनिधि चुनियो र पार्टीभित्रका विवादहरुलाई जतिसुकै आवेग, उत्तेजना, आरोह-अवरोह भएपनि मतदानको प्रक्रियाबाट सबै कुराको टुङ्गो लगाएको थियो ।

पछिल्ला दिनका अन्तरसंघर्षमा त्यो धैर्यता, क्षमता, लगनशीलता, शास्त्रीय मार्क्सवादद्वारा शास्त्रगत गरेर आफ्ना विचारलाई श्रेष्ठ सावित गर्दै पार्टीभित्रका योग्य साथीहरुलाई आफूसँगै हिंडाउने हिम्मत र साहस नेताहरुमा देखा परेन । पछिल्लो डेढ वर्षमा भएका दुईलाइन सङ्घर्ष र अन्तरसङ्घर्षमा न विप्लव समूहमा देखा पऱ्यो न हालको न त बादल समूहमा नै देख्न पाइयो । एक वर्षभित्र राष्ट्रिय सम्मेलन गर्ने र आफ्ना विचारहरु पार्टी सदस्यसम्म लाने हिम्मत र साहस विप्लव समूहले देखाएन। त्यसैगरी तोकिसकिएको राष्ट्रिय सम्मेलनको मिति (२०७३ असोज १ गते)सम्म नपर्खी हतार-हतारमा जालझेल, तिकडम र अनाधिकृत रुपमा बादल समूहले पार्टी फुटायो । र, प्रचण्ड समूहमा लगेर विलिन गरायो । भन्न त बादल समूहले बहुमत केन्द्रीय सदस्य लिएर गएको प्रचार गरेका छन्। आत्मरतीका लागि सङ्ख्याको प्रचार त ठिकै होला तर के पार्टी भेडाबाखाको समूह हो ? जता नाइके भेडा जान्छ त्यसैको पछिपछि लाग्ने ? पार्टीको विधान, विधि, पद्धति हुँदैन ? क्रान्तिकारी माओवादीको विधानले अध्यक्षबाहेक अरुलाई बैठक राख्ने अनुमति दिन्छ ?

एउटा जीवित पार्टीमा अन्तरसङ्घर्ष ... *बाँकी ८ पेजमा*

## सम्पादकीय

# उदासिनताको पराकाष्ठा

यही आषाढ ६ गते तालीबानी आत्मघाती आक्रमणमा मारिएका १५ जना नेपाली क्यानडेली दूतावासका सुरक्षामा खटाइएका थिए । तीमध्ये १३ जना नेपाली नै र २ जना नेपाली मूलका भारतीय रहेको पुष्टि भएको छ । घटना यति विभत्स थियो कि नेपाली मात्र होइन, सम्पूर्ण मानव जगत नै भावविह्वल नरहन सकेन ।

यस दुखान्त घटनाको पहिलो जानकारी र प्रसारण गर्ने क्यानडेली टेलिभिजनले अफगानिस्तानको राजधानी काबुलमा भएको उक्त आक्रमणमा उसका 'सबै कर्मचारी सुरक्षित रहेको' समाचार प्रसारण गरेको थियो । यसले सबैलाई आश्चर्यचकित बनाएको थियो कि ती नेपाली कर्मचारी कसका थिए ? र, कसका सुरक्षाका लागि त्यहाँ अहोरात्र खटेका थिए ? ती को थिए ?

स्पष्ट छ, ती गहुँगोरा रङका पूर्वीयाहरु थिए । तिनीहरुका छाला सेतो वा गोरो थिएन । त्यसैले ती पश्चिमा वा क्यानडेली सुरक्षाकर्मी थिएनन् जो 'सबै कर्मचारी सुरक्षित रहेको' वचनको घेराभित्र अट्न सक्तैनथे । अर्थ त यो लाग्छ कि नेपाली 'रोबोटहरु' मारिए, क्यानडेली 'मानवहरु सुरक्षित' रहे । यती ढोंगी छ पश्चिमाको मानवअधिकार र मानवअधिकारवादी मापदण्ड ।

स्वदेशमा रोजगारीको व्यवस्था हुन नसक्दा २१औं सताब्दीको पूवार्द्धमा नेपालीहरुले भोग्नु परेका दर्दनाक अवस्थाको कहालिलाग्दो चित्रण हो यो । तर विश्वकै सर्वोत्कृष्टको संविधानको रुपमा प्रचारित  संविधान अन्तर्गत निर्मित लोकतान्त्रिक गणतन्त्रात्मक सरकारद्वारा यो घटना पछि चालिएका कदमहरु के के छन् त ? आफ्ना नागरिकको सुरक्षाको लागि यो वैदेशिक रोजगारको विभत्स पाठपछि सोचेको के छ त ? के सरकारले आफ्ना नागरिकलाई सम्बोधन गरी आश्वस्त पार्नु पर्दैन ? कि नेपालीको नियत यस्तै त हो भनेर हात बाँधी बस्ने ?

विदेशीले नेपालीको बारेमा बोलेन किनकि यो विभत्स घटनाले उसलाई छोएन । तर नेपालको सरकार कति बोल्यो ? नेपालका राज्य प्रमुखहरु कहाँ छन् ? परराष्ट्र र श्रम मन्त्रालय कहाँ छ । यसले वैदेशिक रोजगारबारे स्वीकार गरेका अन्तराष्ट्रिय सन्धिसम्झौता र स्वदेशी नियम कानुनबारे घोत्लिएर  पुनर्विचार गर्नु पर्छ कि पर्दैन ? देशको एक चौथाईभन्दा बढि बजेटको स्रोत रेमिटेन्स रहेको छ । यो भन्दा बढि कुरो त विदेशमा आफ्ना नागरिकहरुले गर्ने गरेका काम या रोजगारीको आवस्था कस्तो छ ? रोजगारदाता उत्तरदायी छन् या छैनन् ? यसको जानकारी, सोधपूछ, अनुगमन तथा त्यसको ग्यारेन्टी गर्न सरकार लाग्नुपर्छ कि पर्दैन ?

सरकारले देखाएको भावनात्मक सदाशयता आफैमा नराम्रो होइन, तर यस्ता घटनामा सकभर आफ्ना नागरिकहरु सुरक्षित रहून् भनी पाठ सिकेर लिइएका कदमहरु खोई त ? सरकार वा राज्यको अभिभावकत्व विहिनतामा नेपालीहरु विदेशी भूमिमा बेवारिशे मृत्यु वरण गर्नुले नेपाली मनमा लज्जाबोध गराएको छ । नेपाली विश्वमा जहाँ पनि सेना र बिना बर्दीका सेनाको रुपमा प्रयोग गरिने गरिएका छन् । निकै अप्ठेरो र जोखिमपूर्ण काममा पनि नेपाली नै खट्छन्/खटाइन्छन् ।

बीसौं शताब्दीमा उपनिवेशीकरणको आखाँले हेर्दै हामी नेपालीलाई प्रथम र द्धितीय विश्वयुद्धमा पश्चिमाले निकै प्रयोग गरे । 'ब्रेभ गुर्खाज्', 'बहादुर नेपाली', 'बहादुर' आदिआदि उपमा दिएर उनीहरुको स्वार्थ पूरा गरे । आज एक्काइसौं शताब्दीमा आएर भूमण्डलीकरण तथा नवऔपनिवेशीकरणको आखाँ र अभिव्यक्तिबाट नेपालीलाई हेर्दै र व्यवहार गर्दै आएका महाशक्ति पश्मिाहरुले अमानवीय रुपमा नेपाली रगत र पसिनाको शोषण, दोहन र यही रुपमा प्रस्तुत गर्दै आएका छन् । एकातिरको यो अभिव्यक्ति र अर्कातिर विश्वका स्वाधीन तथा जातीय युद्ध र घृणामा नेपाली मुछिने हो भने नेपाल नै सबैको तारो बन्ने र त्यस्ता आत्मघाती आक्रमणहरु नेपालभित्रै निम्तन सक्ने खतरालाई राज्य र कुर्सीमा आसिनहरुले बेलैमा अनुमान गर्न सक्नुपर्छ ।

नेपाली इज्जत र प्रतिष्ठामाथि धावा बोलिंदा पनि मुकदर्शक बनेको राज्य र सरकारले आफ्नो उदासिनताको घुम्टो कहिले उघार्ला ? साथै, स्वाधीनताको रक्षाका लागि आवशयक कदम कहिले चालिएला ?

# क्रान्तिकारी कम्युनिस्ट आन्दोलन र त्यसले सामना गर्नुपरेका समस्याहरु



✍ परि थापा

क्रान्ति र परिवर्तनका बारेमा कम्युनिस्ट क्रान्तिकारीहरु र बुर्जुवाहरुका बीचमा रहेको भिन्नताका सम्बन्धमा स्पष्ट पार्दै कार्लमार्क्स र फ्रेडरिक ऐंगेल्सले सन् १८५० मार्चमा केन्द्रीय पदाधिकारका तर्फबाट कम्युनिस्ट लीगलाई सम्बोधन गर्ने सन्दर्भमा यसप्रकार विचार व्यक्त गर्नुभएको थियो, "लोकतान्त्रिक निम्न बुर्जुवाहरुले कम्तिमा माथिका मागहरु प्राप्त हुनासाथ जतिसक्यो छिटो क्रान्तिलाई निष्कर्षमा पुऱ्याउन चाहन्छन् भने हाम्रो चाहना र काम भनेको धेरथोर सम्पत्तिवाल वर्गहरु प्रभुत्वशाली अवस्थाबाट नफ्याँकिदासम्म, सर्वहारावर्गले राज्यसत्तामा जित हाँसिल नगर्दासम्म एउटा देशमा मात्रै होइन, बरु विश्वका सबै प्रभुत्वशाली देशहरुमा सर्वहारावर्गको सङ्गठन, यी देशका सर्वहारा वर्गको बीचमा प्रतिस्पर्धा अन्त्य हुने अवस्थामा नपुदासम्म निरन्तर कायम राख्नु हो ।" यसरी कम्युनिस्ट आन्दोलन भनेको पार्टी, सङ्गठन, बुर्जुवा राजनीति, आन्दोलन र संघर्षभन्दा बढ्ता र परको विषय हो भन्ने कुरा स्पष्ट हुन्छ । त्यसरी कम्युनिस्ट आन्दोलन सामाजिक, आर्थिक र साँस्कृतिक परिवर्तन र रुपान्तरणको निरन्तर अभियान हो । यसबाट के स्पष्ट हुन्छ भने पृथ्वीमा मानव जातिको अस्तित्व रहेसम्म मानिसद्वारा मानिसमाथि हुने शोषण, दमन, अन्याय, अत्याचार कायम रहेसम्म क्रान्तिकारी कम्युनिस्ट आन्दोलनको अभिभारा र काम निरन्तर जारी रहनेछ । यस्तो दीर्घकालीन उद्देश्य र लक्ष्य बोकेको हुनाले कम्युनिस्ट आन्दोलनमा पटक पटक विभिन्न खाले उतारचढाव, भड्काव र विचलनहरु आइरहने कुरा स्वभाविक र स्पष्ट छ । यहाँ कम्युनिस्ट आन्दोलनले सामना गर्नु परिरहेको केही प्रमुख समस्याहरुका बारेमा संक्षिप्त रुपमा चर्चा गर्न खोजिएको छ ।

### विचारधारात्मक संघर्ष

कम्युनिस्ट आन्दोलनमा देशमा पर्ने र आन्दोलनले व्यहोर्दै आएको सबैभन्दा प्रमुख र महत्वपूर्ण समस्या भनेको विचारधारात्मक संघर्ष नै हो । मार्क्स र ऐंगेल्सले १८४८ मा कम्युनिस्ट घोषणा पत्र जारी गरेदखि अहिलेसम्म डेढ सताब्दीभन्दा बढी समय वितिसकेको छ । यस अवधिमा कम्युनिस्ट आन्दोलनले विजय पराजयका अनेकौं उतारचढावहरुबाट गुज्रदै अगाडि बढिरहेको, जसमा सन् १९१७ मा लेनिनको नेतृत्वमा सफल भएको युगान्तकारी महान अक्टोबर समाजवादी क्रान्ति सन् १९४९ मा माओको नेतृत्मा सफल भएको अर्को युगान्तकारी चिनियाँ नयाँ जनवादी क्रान्ति कम्युनिस्ट आन्दोलनको इतिहासमा प्राप्त भएका महान विजय हुन् । तर सन् १९९० को दशकसम्म आइपुग्दा पूर्वसोभियतसंघ लगायत पूर्वी यूरोपियन देशहरुमा रहेको संशोधनवादी सत्ताहरु विघठन हुन पुगे भने चीनमा प्रतिक्रान्ति भएर पुँजीवादीहरुले पार्टी नेतृत्व कब्जा गर्न पुगे । रुसमा ख्रुश्चोभबाट सुरु भएर गोर्भाचोभसम्म आइपुग्दा मार्क्सवाद, लेनिनवादलाई पार्टीको मार्गदर्शक सिद्धान्त अनुरुपमा परित्याग गर्दै सोभियत संशोधनवादको विसर्जन हुन पुग्यो भने चीनमा देङ स्याओ पिङ आएपछि 'एक देश दुई व्यवस्था' र 'बिरालो कालो सेतो जस्तो भएपनि त्यसको काम मुसा समात्नु हो' भन्ने जस्ता अनौठा नीति प्रस्तुत गर्न पुगे । त्यसरी सोभियत संघमा स्टालीन र चीनमा माओको मृत्यु पश्चात् उहाँहरुको उत्तराधिकारीका रुपमा नेतृत्वमा आएका व्यक्तिहरुले क्रान्तिकारी कम्युनिस्ट आन्दोलनका आधारभूत तत्वहरु जसमा सर्वहारावर्गको अधिनायकत्व, वर्गसंघर्षको निरन्तरता, राज्यसत्ता कब्जा गर्न बल प्रयोग गर्ने जस्ता विषयहरु पर्दछन् । तिनलाई परित्याग गर्दै सच्चा मार्क्सवादी लेनिनवादी विचारधारात्मक बाटोबाट विचलित हुन पुगे । विगतमा चिनियाँ कम्युनिस्ट पार्टीले माओको नेतृत्वमा सोभियत संशोधनवादका विरुद्धमा निर्मम सैद्धान्तिक र विचारधारात्मक संघर्ष चलाएको थियो, जसलाई 'महान बहस वा महाविवाद' समेत भनेर चिनिन्छ । त्यसरी विश्व कम्युनिस्ट आन्दोलन नै चिनियाँ र रुसी खेमामा विभाजित भएको थियो । तर अहिले सच्चा मार्क्सवादी लेनिनवादी क्रान्तिकारीहरुका तर्फबाट सबै प्रकारका संशोधनवाद र भड्कावहरुका विरुद्ध सैद्धान्तिक र विचारधारात्मक संघर्ष चलाउने कार्यमा कमजोरी र शिथिलता आएको छ । त्यसैले यतिखेर सबैखाले संशोधनवादी र भड्कावावादीहरुका विरुद्ध जुध्नका लागि सैद्धान्तिक र विचारधारात्मक संघर्षलाई अगाडि बढाउनु क्रान्तिकारी कम्युनिस्टहरुको अत्यावश्यक र उच्चतम कर्तव्य हुन गएको छ ।

### दक्षिणपन्थी एवं उग्र वामपन्थी भड्काव

कम्युनिस्ट आन्दोलन मार्क्स र ऐंगेल्सको पालादेखि नै दक्षिणपन्थी एवम् वामपन्थी भड्कावहरुबाट गुज्रदै आएको छ । यस सन्दर्भमा मार्क्स ऐंगेल्सद्वारा लिखित कृति 'गोथा प्रोग्राम' नै त्यसको प्रमाणको रुपमा रहेको छ । एक समयमा सच्चा मार्क्सवादी, लेनिनवादी सिद्धान्तहरुप्रति प्रतिबद्ध रहेका कम्युनिस्ट पार्टीहरु नै सही बाटोबाट विचलित हुन पुगेका छन् । कम्युनिस्ट आन्दोलनमा सबैभन्दा खतरा दक्षिणपन्थी भड्काव नै रहेको छ । दक्षिणपन्थी भड्कावावादीहरुले मार्क्सवाद र लेनिनवादको 'सिर्जनात्मक प्रयोग'का नाममा मालेमावादलाई पार्टीको मार्गदर्शक सिद्धान्तका रुपमा परित्याग गर्ने, सर्वहारावर्गको अधिनायकत्वप्रति प्रतिबद्ध नरहने, समाजमा वर्गसंघर्ष र पार्टीभित्र दुईलाइन संघर्षलाई तिलाञ्जली दिने र क्रान्तिका लागि सशस्त्र संघर्षको अपरिहार्यतालाई नअपनाउने गर्दै आएका छन् । त्यसैगरी 'वामपन्थी' भड्कावलाई उग्र'वामपन्थी' भड्काव र तत्काल क्रान्तिको अनुराग राख्ने रुपमा पनि व्याख्या गर्न सकिन्छ । यसको मुख्य कमजोरी भनेको अन्य मित्र तथा भाइचरा पार्टीहरुको नीतिको अन्धानुकरण र यान्त्रिक नक्कल गर्नु हो । नेपालको सन्दर्भमा पूर्व नेकपा (माले)ले झापा विद्रोह गर्दाताका अनुशरण गरिएको नीति र क्रियाकलापलाई उत्कृष्ट उदाहाराणको रुपमा लिन सकिन्छ ।

### स्थापित नेतृत्वको संकट

लेनिनको मृत्युपश्चात कम्युनिस्ट आन्दोलनलाई अगाडि बढाउनका लागि महान भूमिका खेल्नुभएको थियो र नेतृत्व प्रदान गर्नुभएको थियो । तर सोभियत संघका स्टालीनको मृत्यु पश्चात निकिता ख्रुश्चोभ र चीनमा माओको मृत्युपश्चात हुवा भुवा फेङ पार्टी नेतृत्वमा आएपछि संशोधनवाद र दक्षिणपन्थी बाटोतर्फ अग्रसर भए । चीनको सन्दर्भमा भन्ने हो भने महान सर्वहारा साँस्कृतिक क्रान्तिको दौरानमा अग्रणी भूमिका निभाएका कमरेड च्याङ चिन र चान चुन चुवाओलाई पार्टीको नेतृत्वमा आउने अवसरबाट बञ्चित गर्ने मात्र होइन, उनीहरुलाई गिरफ्तार गरेर आजीवन जेलमा सडाउने काम भयो । यसरी अहिले खासगरी माओको निधनपछि अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा स्थापित नेतृत्वको अभाव खड्किदै आएको छ ।


इतिहास र अनुभवहरुले हामीलाई के पाठ सिकाएका छन् भने क्रान्ति सम्पन्न गर्न र त्यसलाई निरन्तरता प्रदान गर्नका लागि इमान्दार नेतृत्व र सही नीति महत्वपूर्ण पूर्वशर्तहरु हुन् । अझ इमान्दार नेतृत्व त राज्यसत्ता कब्जा गर्नु अगाडि र पछि अति महत्वपूर्ण हुन्छ । किनभने त्यस्तो नेतृत्वले मात्र नीति र सिद्धान्तमा हुन जाने गल्ती कमजोरीहरुलाई सफलतापूर्वक समाधान गरेर अगाडि बढ्न सक्तछ । पूर्व समाजवादी राज्यहरुको विघठन हुनु, एक पटक क्रान्ति सफल भएका देशहरुमा प्रतिक्रान्तिले स्थान लिनु र पुँजीवादको पुनःस्थापना हुन सफल हुनुमा मुख्यतः गलत नेतृत्वका कारण हो भन्ने कुरा स्पष्टै देखिएका छन् ।

### अन्तर्राष्ट्रिय सङ्गठनको अभाव

तेस्रो कम्युनिस्ट अन्तर्राष्ट्रियको विघटन भएपछि संसारभरिका मार्क्सवादी, लेनिनवादी क्रान्तिकारी पार्टीहरुलाई एक ठाउँमा ल्याउने अन्तर्राष्ट्रिय सङ्गठनको सर्वथा अभाव खड्किदै आएको छ । कमरेड माओले पनि आफ्नो जीवनकालमा त्यस प्रकारको अन्तर्राष्ट्रिय सङ्गठन निर्माण गर्ने तर्फ अनिच्छा देखाउनु भयो । अहिले त्यस प्रकारका भाइचरा एवम् मित्र पार्टीहरुका बीचमा ऐक्यवद्धता निर्माण गर्ने र विचार एवम् अनुभवहरु आदान प्रदान गर्ने अन्तर्राष्ट्रिय मञ्चको अभाव रहेको अवस्था रहेको छ । त्यसले यस प्रयोजनको लागि त्यस प्रकारको अन्तर्राष्ट्रिय सङ्गठन निर्माण गर्नु नितान्त आवशयक भएको छ । त्यस प्रकारको सङ्गठनको अभावका कारणले गर्दा विश्वभरका उत्पीडित वर्ग र जनताहरुको हीतको पक्षमा र साम्राज्यवाद र प्रतिक्रियावादका विरुद्ध आन्दोलन र कार्यक्रम सञ्चालन गर्न समेत समस्या रहँदै आएको छ । विगतमा अन्तर्राष्ट्रिय क्रान्तिकारी आन्दोलन (रिम)को स्थापना त्यस दिशातर्फको एउटा प्रयत्न थियो । तर त्यसैको नेतृत्व खासगरी आरसिपी अमेरिकाको गलत नीति र प्रवृत्तिका कारणले गर्दा त्यसले क्रान्तिकारी पार्टी र सङ्गठनहरुलाई एक ठाउँमा ल्याउन सफल हुन सकेन । र, फलतः अस्तित्वविहीन अवस्थामा पुग्न गयो ।

### व्यक्ति र संकीर्णतावाद

कम्युनिस्ट आन्दोलनमा आधारभूत रुपमा रहेको सामूहिक नेतृत्व नीति र अभ्यासलाई लत्याउनु र व्यक्तिवाद हावी हुने र परिणामस्वरुप व्यक्ति पूजाको संस्कृतिलाई प्रोत्साहन दिनु जस्ता कुराले कम्युनिस्ट आन्दोलनलाई हानी पुऱ्याएको मात्र होइन, त्यसलाई तहसनहस नै पारिएको अवस्था समेत रहेको छ । नेपालको सन्दर्भमा (प्रचण्डपथ) त्यसको ज्वलन्त उदाहारण हो । त्यसैगरी कम्युनिस्ट आन्दोलनभित्र संकीर्णतावाद गम्भीर समस्याका रुपमा रहेको छ। जसका कारणले गर्दा कुनै विचारधारात्मक मतभिन्नताका बाबजुद पनि पार्टी र आन्दोलनमा अनावश्यक फुट र विभाजन ल्याउन भूमिका खेलेको छ। परिणामस्वरुप, मार्क्सवादी लेनिनवादी क्रान्तिकारीहरुलाई छिन्नभिन्न तुल्याउने र उनीहरुको शक्ति र सामर्थ्यलाई कमजोर एवम् दुर्बल बनाउने कार्यमा योगदान पुऱ्याएको छ । कम्युनिस्ट आन्दोलनले डेढ दशकभन्दा लामो इतिहासको कालखण्ड पार गरिसकेको कुरा यसअघि नै बताइसकिएको छ । यस दौरानमा हामीले कैयौं युगान्तकारी क्रान्तिकारी परिवर्तन भएका परिघटनाहरु देखेका छौं भने प्रतिक्रान्ति विघठन र विचलनका अनुभवहरु पनि सँगालेका छौं । यस सन्दर्भमा विगतका ती सफलताहरु कसरी प्राप्त भएका थिए र कसरी गल्ती कमजोरीहरु हुन गएका थिए भन्ने कुराको सिंहावलोकन गर्दै त्यसबाट थप शिक्षा र पाठ सिकेर अगाडि बढ्नु पर्दछ । अहिलेसम्म आइपुग्दा कम्युनिस्ट आन्दोलन एउटा विश्वव्यापी परिघटना भइसकेको छ भने धेरै देशहरुमा कम्युनिस्ट पार्टीहरु अस्तित्वमा रही कार्यरत रहेका छन् । तर पनि विश्वको कुनै पनि देशमा सच्चा क्रान्तिकारी कम्युनिस्टहरुले विजयमुख क्रान्तिको नेतृत्व गर्न सकिरहेको अवस्था रहेको छैन । त्यसो हुनुमा धेरै हदसम्म एकसमय क्रान्तिकारी भइ नेतृत्वमा रहेका कथित कम्युनिस्टहरुका कारणले नै त्यस्तो हुन गएको छ । यस सन्दर्भमा कार्लमार्क्सले आफ्नो कृति 'लुई बोनापार्टको अठारौं ब्रुमेर'मा उल्लेख गरेको यो भनाइ शिक्षाप्रद हुनेछ । 'अन्ततः संसदीय गणतन्त्रले दमनात्मक उपायहरु, स्रोतसाधनहरु एवम् सरकारी सत्ताको केन्द्रीकरणका साथ उसको संघर्षलाई सबल तुल्याउन बाध्य भयो । सबै क्रान्तिले त्यो संयन्त्रलाई ध्वस्त पार्नुका सट्टा पूर्णता प्रदान गऱ्यो ।' नेपालको सन्दर्भमा एमाले, माकेलगायतका कम्युनिस्टहरुले अहिले निभाइरहेको भूमिकाले त्यसको पुष्टि गरिरहेको छ ।



# नयाँ जनवादी क्रान्ति पूरा गर्ने कार्यदिशालाई नवसंशोधनवादीहरुले परित्याग गरे

सिपी गजुरेल 'गौरव'
उपाध्यक्ष, नेकपा (क्रान्तिकारी माओवादी)

***भर्खरै तपाईंहरुले पार्टीको राष्ट्रिय भेला सम्पन्न गर्नुभयो । यो राष्ट्रिय भेलाका मूलभूत विशेषताहरु के के हुन् ? पार्टी विभाजनको असर कस्तो परेको पाउनु भयो ?***

हो, हामीले यही आषाढ ६,७ र ८ गते तीन दिन पार्टीको राष्ट्रिय भेला शानदार रुपमा सम्पन्न गर्यौं । यसका मूलभूत विशेषतालाई यसप्रकार उल्लेख गर्न सकिन्छ : १. यो भेलामा अभूतपूर्व एकता देखियो । २.सच्चा कम्युनिस्ट आन्दोलनभित्र र बाहिरका, देशी र विदेशी शक्तिहरुको क्रान्तिकारी विचार, राजनीति र सङ्गठनलाई समाप्त पार्ने डिजाइन थियो । त्यसका विरुद्धको सङ्घर्षबाट क्रान्तिकारी विचार, राजनीति र पार्टीको रक्षा गर्ने विषयको महत्व राम्रोसँग प्रकट भयो । ३. ठूलो हावाहुरी, आँधीबेरीका बिरुद्ध जुधेर क्रान्तिकारी विचार, राजनीति र पार्टीको रक्षागर्न सकेकोमा त्यहाँ एउटा आत्मविश्वास पनि थियो । ४. बिरोधीहरुले पार्टीलाई क्षत विक्षत पार्ने जुन कसरत गरे, त्यो त बुझ्न सकिने कुरा थियो । तर पार्टी भित्रका अवसरवादीले आफ्नै पार्टीलाई ध्वस्त पार्ने र नवसंशोधनवादी आहालमा लगेर डुबाउने जुन कसरत गरे, त्यसप्रतिको घृणा पनि भेलामा व्यापकरुपमा देखियो । ५.यति ठूलो आन्तरिक र वाह्य आक्रमणलाई पराजित गर्न सकेकोमा आपसमा अपूर्व विश्वास पनि देखियो । ६.अर्को पक्षले पार्टीलाई सिध्याउन साम, दाम, दण्ड, भेद सबैको प्रयोग गरेको पाइयो । यी सबै चिज पार्टीको केन्द्रमा जति प्रभावी रहे, तल्लो स्तरमा त्यस प्रकारको स्थिति नरहेको पाइयो ।

त्यसकारण, यो फूटबाट हाम्रो पार्टीलाई क्षति पुगेको बाहिर जति हल्ला भयो, त्यसको तुलनामा वास्तविक क्षति निकै कम भएको पाइयो। खासगरी ग्रास रुट स्तरमा खासै यसको असर परेन भन्दा पनि हुन्छ ।

***भेलाले पारित गरेको कार्यदिशा, कार्यनीति र कार्ययोजनाको बारेमा पनि प्रकाश पारिदिनुस् न ।***

यो भेलाको अत्यन्त महत्वपूर्ण राजनीतिक पक्ष कार्यदिशा, कार्यनीति र कार्ययोजना कै विषयहरु थिए ।

सच्चा क्रान्तिकारी कम्युनिस्टहरुले अनुशरण गर्दै आएको नेपालमा नयाँ जनवादी क्रान्ति पूरा गर्ने कार्यदिशालाई नवसंशोधनवादीहरुले परित्याग गरे । उनीहरु अर्को कित्तामा जानका लागि मुख्य वाधक पनि यहि कार्यदिशा नै थियो र त्यसको परित्याग उनीहरुको लागि आवश्यक हुन गयो । त्यसैले सबैभन्दा पहिले त प्रचण्डले एकीकृत नेकपा (माओवादी) पार्टीको हेटौंडा महाधिवेशन (२०७० सालमा) नयाँ जनवादी क्रान्तिको कार्यदिशालाई परित्याग गरे । "पार्टी एकता"का नाममा पार्टीभित्रको नवसंशोधनवादको पुच्छर गुट पनि नयाँ जनवादी क्रान्तिको कार्यदिशालाई नै परित्याग गरेर अन्तर्राष्ट्रियरुपमा ख्रुश्चेवको 'राष्ट्रिय जनवाद' र नेपालको कम्युनिस्ट आन्दोलनमा २०१९ सालमा तुलसीलालले ल्याएको 'राष्ट्रिय प्रजातन्त्र'को कार्यक्रमलाई अघि सारेर नवसंशोधनवादी माउ पार्टीमा विलय हुन पुग्यो । त्यसैले नेपालको अर्थ-सामाजिक अवस्थामाथि ध्यान दिँदै नेपालमा नयाँ जनवादी क्रान्ति पुरा गर्ने कि यसलाई छाडेर जाने भन्ने बहस नै नेपाली कम्युनिस्ट आन्दोलनको मुख्य बहस हो र यो राष्ट्रिय भेलाले स्पष्टरुपमा नयाँ जनवादी क्रान्तिको कार्यदिशालाई अँगिकार गऱ्यो । यसका साथै यही राजनीतिक कार्यदिशालाई पूरा गर्नका लागि 'नेपाली विशिष्टता अनुसारको सशस्त्र जनविद्रोह'को सामरिक कार्यदिशा हुने पनि स्पष्ट गऱ्यो । यसलाई अझ परिमार्जन गर्ने काम आगामी फाल्गुणमा सम्पन्न हुने राष्ट्रिय सम्मेलनमा गएर गरिने समेत स्पष्ट गरियो ।

कार्यनीतिका सन्दर्भमा, राष्ट्रिय स्वाधीनताको रक्षा, जनताको गणतन्त्र र जनजीविकाका समस्याको समाधानका लागि सङ्घर्ष गर्नुका साथै, यो संविधान पश्चगामी भएकाले यसलाई खारेज गरेर जनगणतन्त्रको संविधान बनाउनका लागि सङ्घर्ष गर्ने स्पष्ट खाका यो भेलाले कोरेको छ ।

उपरोक्त कार्यदिशा र कार्यनीतिका आधारमा कार्ययोजना राष्ट्रिय भेलाले तय गरेको छ ।

***फौजी कार्यदिशाको बारेमा बाहिरी मिडियामा अलि बढी चर्चा भएको छ। बाहिर आएजस्तै फौजी कार्यदिशाको विकास गर्नुभएको हो ? यसबारे प्रष्ट्याइदिनुस् न ।***

राजनीतिक कार्यदिशा स्पष्ट गरिसकेपछि त्यस अनुसारको फौजी कार्यदिशा अनिवार्य हुन्छ । पार्टीको एकता अधिवेशनले पारित गरेको 'नेपाली विशेषता अनुसारको सशस्त्र जनविद्रोह'को सामरिक कार्यदिशा कै पुनर्पुष्टि गर्नुका साथै यसलाई अझ समृद्ध गर्ने काम आगामी राष्ट्रिय सम्मेलनले सम्पन्न गर्ने निर्णय पनि यो राष्ट्रिय भेलाले गरेको छ । यस प्रकार सामरिक कार्यदिशाको विकास गर्ने ढोका खुलेको छ र हामी के विश्वास गर्न सक्छौं भने आगामी फागुनमा सम्पन्न हुने राष्ट्रिय सम्मेलनले फौजी कार्यदिशालाई अझै समृद्ध र अझै विकास गर्ने काम सम्पन्न गर्ने छ ।

***क्रान्तिका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिको मूल्यांकन तथा विश्लेषण कसरी गर्नुभएको छ ?***

यो कुरा सत्य हो कि क्रान्तिकारी आन्दोलन उठाउन र सफल पार्नका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिको सही आँकलन अनिवार्य हुन्छ । यो राष्ट्रिय भेलाले त्यस प्रकारको राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिमा आनको तान फरक परिसकेको भन्ने मूल्यांकन त गरेको छैन । तर, राष्ट्रिय रुपमा जुन अन्तर्विरोधहरु देखा परेका छन्, तिनको समाधान विद्यमान् प्रतिकृयावादी व्यवस्थाले र संसदवादी प्रतिकृयावादी र अवसरवादी राजनीतिक शक्तिहरुले दिन नसक्ने कुरा स्पष्ट हुँदै गएको, नेपाली जनताले क्रान्तिकारी विकल्प खोज्ने अवस्था सिर्जना र विकास हुँदै गएको लक्षणको मूल्यांकन भने गरिएको छ । अन्तर ष्ट्रिय रुपमा पनि अमेरिकी साम्राज्यवादको एकछत्र हालिमुहालीको अवस्थामा परिवर्तन आएको र अहिलेको विश्वका प्रमुख प्रतिस्पर्धी शक्तिहरु अमेरिकी साम्राज्यवादी शक्ति र चीन बन्न पुगेको अवस्था पैदा भएको छ । अन्तर ष्ट्रिय क्षेत्रमा देखापरेको यो अन्तर्विरोधले पनि नेपालमा क्रान्तिकारी आन्दोलनलाई अघि बढाउनलाई थप अनुकूलता नै पैदा भएको राष्ट्रिय भेलाको मूल्यांकन रहेको छ ।

> राजनीतिक कार्यदिशा स्पष्ट गरिसकेपछि त्यस अनुसारको फौजी कार्यदिशा अनिवार्य हुन्छ । पार्टीको एकता अधिवेशनले पारित गरेको 'नेपाली विशेषता अनुसारको सशस्त्र जनविद्रोह'को सामरिक कार्यदिशा कै पुनर्पुष्टि गर्नुका साथै यसलाई अझ समृद्ध गर्ने काम आगामी राष्ट्रिय सम्मेलनले सम्पन्न गर्ने निर्णय पनि यो राष्ट्रिय भेलाले गरेको छ ।

***दुई विशाल छिमेकी मुलुकको बीचमा अवस्थित नेपालमा ००७ सालयता देखि नै स्वतन्त्र राजनीतिक धारको आन्दोलनको उठान र बैठान हुन सकेको छैन । अब गरिने जनवादी क्रान्तिमा यी दुवै देशको भूमिकालाई कसरी सन्तुलनमा राख्न सकिएला ?***

नेपालमा पहिलेदेखि नै बृटिश साम्राज्यवादले निकै ठूलो प्रभाव पारेको र हस्तक्षेप गर्दै आएको थियो । भारतमा प्रत्यक्ष बृटिश शासनको अन्त्य भए पनि त्यसपछिका प्रतिकृयावादी शासकले आफूलाई उनीहरुकै उत्तराधिकारी ठाने र नेपालमा त्यही बृटिश शासनकै परम्परालाई निरन्तरता दिने गरेका छन् । खासगरी आर्थिक र राजनीतिक क्षेत्रमा त्यो हस्तक्षेप झन् बढेको छ । समाजवादी चीनले विगतमा नेपालको आर्थिक विकास र सार्वभौमिकताको रक्षाका सन्दर्भमा सकारात्मक भूमिका खेल्दै आएको छ । पछिल्लो चरणमा नेपालप्रति चीनको रुची बढ्दै गएको छ । तर, चीनको भूमिका भारतको जस्तो हस्तक्षेपकारी रहेको छैन । केही समय अघि भारत र चीनका वीचमा नेपालको लिपुलेकलाई चीन र भारतका वीचको ब्यापारिक नाका बनाउने जुन सम्भौता भयो त्यो गलत भएको छ र हामीले त्यसको बिरुद्ध सङ्घर्ष पनि गर्दै आएका छौं । नेपाली राष्ट्, नेपालको स्वतन्त्र राजनीति र नेपाली क्रान्तिको विकासका निमित्त भारतीय विस्तारवाद नै प्रमुख वाधक रहेको विश्लेषण नेपालका लागि नयाँ होइन । भारतीय विस्तारवादको हस्तक्षेपका बिरुद्धका सङ्घर्षमा अन्तर्राष्ट्रिय स्तरमा भएका सबै अन्तर्विरोधलाई उपयोग गर्ने काममा हामीले ध्यान दिनुपर्ने कुरालाई यो राष्ट्रिय भेलाले पनि निकै महत्व दिएको छ ।

***अब गरिने जनवादी क्रान्तिमा प्रधान दुश्मन र सहायक दुश्मनको किटानी कसरी गर्नुभएको छ ? मित्र शक्ति र क्रान्तिको आधारभूत वर्गबारे पनि प्रकाश पारिदिनुस् न ।***

नेपालको नयाँ जनवादी क्रान्तिको मुख्य दुश्मन दलाल, नोकरशाही पूँजीपति वर्ग र सामन्त वर्गहरु हुन् । यी वर्गहरुको हितको प्रतिनिधित्व गर्ने राजनीतिक पार्टीहरुमा मुख्यतः--नेपाली काग्रेस, राप्रपा, एमाले पर्दछन् । यसका साथै नेकपा (माओवादी केन्द्र) पनि प्रतिकृयावादीकरणको दिशातिर अघि बढ्दै गएको हुनाले त्यो पार्टीले पनि अब क्रमशः तिनै वर्गको प्रतिनिधित्व गर्ने कुरा स्पष्ट छ । तिनीहरुका पुच्छर पार्टीहरु क्रान्तिका दुश्मन् भए पनि तिनीहरुको भूमिका प्रधान रहँदैन ।

यो क्रान्तिको नेतृत्वदायी वर्ग मजदूर वर्ग हो र भूमिहीन, गरीव किसान यसका आधार शक्ति हुन् र मध्यम किसान क्रान्तिको पक्षको शक्ति हो । राष्ट्रिय पूँजीपति वर्ग, धनी किसान, दुलमूल मित्र शक्ति हुन्, जसले क्रान्तिकारी आन्दोलन विजयी वा हावी भएको बेलामा त साथ दिन्छन्, तर प्रतिकुलताको समयमा पछि हट्दछन् ।

***क्रान्तिको चुनौती र सम्भावना कस्तो देख्नुहुन्छ ?***

यतिखेर नेपालमा वस्तुगत रुपमा क्रान्तिको लागि अनुकूल स्थिति छ, तर आत्मगत स्थिति कमजोर छ । आत्मगत रुपमा नेपालमा प्रतिकृयावादी शक्ति नै यतिखेर हावी देखिन्छ । यसले के कुरा स्पष्ट छ भने नेपालको क्रान्तिका अगाडि तत्कालका दृष्टिले गम्भीर प्रकारका अप्ठेरा र चुनौती छन् ।

यसका साथै नेपाली समाजभित्रको अन्तर्विरोध दिनदिनै चर्कँदै गएको छ । प्रतिकृयावादी र अवसरवादी पार्टीहरु जनताका बीचमा नांगिदै गएका छन् । फेरि पनि जनताको आशा नेकपा (क्रान्तिकारी माओवादी)जस्ता क्रान्तिकारी राजनीतिक पार्टीहरुतिर बढ्दै गएको छ । जनताले फेरि पनि आन्दोलन र सङ्घर्षको आवश्यकता महसुस गर्दै गएका छन् । क्रान्तिकारी शक्तिले आत्मगत शक्तिको विकास गर्ने प्रयास गरिरहेको छ । यी सबैले के दर्शाउँछन् भने नेपालमा क्रान्तिको प्रवल संभावना छ । समग्रमा भन्नु पर्दा नेपाली क्रान्ति संभावना र चुनौतिका बीचबाट अघि बढ्ने छ ।

***अन्य माओवादी घटकहरुसँग एकताको सम्भावना चाहिं कस्तो देख्नुहुन्छ ?***

गत ज्येष्ठ ६ गतेको विभिन्न नाममा कार्यरत अवसरवादीहरुको एकीकृत माओवादीमा विलय पश्चात् नेकपा (माओवादी केन्द्र) बनेपछि 'माओवादी' नाम भएका पार्टीको संख्या घटेर तीन रहन गएको छ । जहाँसम्म नेकपा (माके) छ, त्यो तीब्ररुपमा प्रतिकृयावादिकरणको दिशातिर अघि बढिरहेको नवसंशोधनवादी पार्टी भएको हुनाले त्योसँग पार्टी एकताको संभावना नै छैन । अर्को, नेकपा माओवादीको न स्पष्ट कार्यदिशा छ, न स्पष्ट नीति छ । एकताको आधार नै स्पष्ट नभएपछि पार्टी एकताको संभावना त्यससँग पनि देखिँदैन । अन्य ससाना कम्युनिस्ट घटकहरु विचार, कार्यदिशा र कार्यनीतिबारे आफैं अन्यौलमा छन् । तिनीहरु क्रान्तिको अभ्यासबाट पनि धेरै टाढा रहेका हुनाले पार्टी एकतामा आउने अवस्था देखिँदैन । तत्काल पार्टी एकताको स्थिति यही नै हो ।

***अन्तमा, नेपाली कम्युनिस्ट आन्दोलनमा क्रान्तिकारी धारको नेतृत्व गरिरहेको हैसियतमा क्रान्तिकारी आम जनता र कार्यकर्ताहरुलाई के सन्देश दिन चाहनुहुन्छ ?***

नेपाली जनताले गरेको धेरै ठूलो र महत्वपूर्ण वलिदान र त्यागबाट प्राप्त सबै उपलब्धि त्यतिखेरको क्रान्तिको नेतृत्व गरिरहेको पार्टी कै सर्वोच्च नेताबाट धोखा, विश्वासघात र गद्दारीका कारण समाप्त भएको तीतो अनुभवले क्रान्ति र क्रान्तिकारी पार्टीप्रति नै वितृष्णा र अविश्वास पैदा भएको छ । अब को जनता र क्रान्तिको पक्षमा उभिएको छ र कस्ले धोखा दिए, विश्वासघात र गद्दारी गरे त्यो पनि अब स्पष्ट भैसकेको छ । हरेक देशको क्रान्ति उतार, चढाउ, आरोह, अवरोह हुँदै प्रतिक्रान्तिहरुको सामना गर्दै अघि बढ्दछ र नेपाली क्रान्ति पनि यो नियमको अपवाद हुन सक्दैन । त्यसरकारण, हामी क्रान्तिकारी कार्यकर्ता र जनतासँग क्रान्तिकारी आशावादीता र उत्साहका साथ क्रान्तिकारी आन्दोलनमा पुनः सहभागी हुन र क्रान्तिको धारलाई अघि बढाइरहेको क्रान्तिकारी पार्टीलाई सबै किसिमले सहयोग गर्न अनुरोध गर्न चाहन्छौं ।

-- ०७३ असार ११ गते ।

# संसदवाद र नेपाली कम्युनिस्ट आन्दोलन

संसदवाद भनेको पुँजीवादी तथा साम्राज्यवादीहरुको राज्यसत्ता संचालन गर्ने शासन प्रणालीको नाम हो । यो शासन प्रणाली बहुलवादमा आधारित रहेको छ । बहुदलीय प्रतिस्पर्धात्मक शासन व्यवस्था, बहुमतको सरकार, अल्पमतको प्रतिपक्ष, कानुनको शासन, संवैधानिक प्रजातन्त्र, मानवाधिकारको प्रत्याभूति आदि संसदवाद र संसदीय शासन व्यवस्थाका प्रमुख विशेषताहरु हुन् । संसदवादले पुँजीवादी तथा साम्राज्यवादीहरुको वर्गीय सत्ता संचालन गर्ने संसदीय व्यवस्था र परिपाटीलाई मुख्य साधन मान्दछ । संसदवादलाई मन्त्रीमण्डलवाद पनि भनिन्छ । इतिहासदेखि नै पुँजीपति वर्ग र साम्राज्यवादीहरुले संसदवाद संसदीय व्यवस्था संचालन गर्ने आफ्नो दर्शनको रुपमा प्रयोग गर्दै आएका छन् । अतः संसदवाद र संसदीय व्यवस्थालाई पुँजीपतिवर्ग र साम्राज्यवादीहरुले आफ्नो शासन प्रणालीका रुपमा प्रयोग गर्दै आइरहेका छन् ।

संसदीय व्यवस्था भनेको सुधारवादी व्यवस्था पनि हो । सुधारवादका नाममा पुँजीपति वर्ग र साम्राज्यवादीहरुले जनताका बीचमा विविध प्रकारका भ्रमहरु छर्दै आएका छन् । जनताका बीचमा पुँजीपति वर्गले विविध प्रकारका छलकपट, षड्यन्त्र, तिकडमवाजी, ढाँट, जालसाँझी गर्नु, जनतालाई झुक्याउनु, धोका दिनु, बेइमानी गर्नु संसदीय व्यवस्था र संसदीय शासन प्रणालीका मुख्य विशेषता हुन् । संसदीय व्यवस्थाले जनतालाई धनी बनाउने नभई व्यक्तिलाई धनी बनाउन सघाउ पुऱ्याउँछ ।


आर्थिक क्षेत्रमा निजीकरण, नबउदारवाद, उदारीकरण, खुलाबजार अर्थतन्त्र, औपनिवेशिक अर्थनीति संसदीय व्यवस्थाका मूख्य विशेषता हुन् । व्यक्तिगत स्वतन्त्रता, व्यक्तिगत सुख-सुविधा, ऐस-आराम, भ्रष्टाचार, अनैतिकता, लुटखसोट, पद, प्रतिष्ठा, पैसो आर्जन यी सबै चिजहरुको प्राप्ति संसदीय व्यवस्थाले व्यक्तिलाई उपलब्ध गराउँदछ । त्यसो भएर नै माओले "संसद भनेको खसीको टाउको झुण्ड्याएर कुकुरको मासु बेच्ने पसल हो" भन्नुभएको छ ।

संसदवाद र संसदीय व्यवस्थाप्रति नेपाली कम्युनिस्ट आन्दोलनको शैसकालदेखि नै प्रभाव पर्दै आएको छ । नेपाली कम्युनिस्ट आन्दोलनको विभिन्न कालखण्डमा र विभाजित कम्युनिस्ट आन्दोलनभित्रका विभिन्न खेमाहरुले संसद र संसदीय व्यवस्थालाई उपयोग गर्ने बहानामा संसदीय व्यवस्थामा नै भाग लिने, क्रान्तिका सम्पूर्ण कार्यभारहरुलाई पूर्णरुपमा तिलाञ्जली दिदै संसदीय व्यवस्थामा नै चुर्लुम्म डुब्न पुगे, क्रान्तिलाई धोका दिने, सर्वहारावर्गलाई नै धोका दिने र प्रतिक्रियावादी कित्तामा समेत नै पुग्ने गरेका अनेकौं उदाहरणहरु ताजै छन् ।

सर्वविदितै कुरा हो- २००६ साल वैशाख १० गते नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएको हो । स्थापनासँग नेपाल कम्युनिस्ट पार्टीले नेपाल एउटा अर्धसामन्ती र अर्धऔपनिवेशिक मुलुक भएको नेपाली समाजको वर्ग विश्लेषण गऱ्यो र यस प्रकारको नेपालमा गरिने क्रान्ति भनेको नयाँ जनवादी क्रान्ति हो र सर्वहारा वर्गको आयस्तरको राजनीतिक अग्रदस्ता नेपाल कम्युनिस्ट पार्टीको नेतृत्व र मजदुर किसान एकतामा गरिने नयाँ जनवादी क्रान्तिका रणनीति र कार्यनीतिहरु ठोस गर्दै नेपाली क्रान्तिको न्यूनतम कार्यक्रम नयाँ जनवाद र अधिकतम कार्यक्रम समाजवाद र साम्यवाद रहेको आफ्नो समग्र कार्यक्रम निश्चित गर्दै यसको प्राप्ति सशस्त्र संघर्ष, ग्रामीण वर्ग संघर्षका माध्यमबाट मात्र संभव हुने भन्दै संसदवाद र संसदीय व्यवस्थाविरोधी कार्यदिशा निर्क्योल गऱ्यो ।

तर वि.सं. २०१० सालमा नेकपाले काठमाडौं महानगरपालिकाको चुनावमा भाग लियो र विजय हासिल गऱ्यो । त्यसयता नेपाली कम्युनिस्ट आन्दोलनभित्र संसदीय भोट र लोभलालच बढ्न थाल्यो । २०१५ सालमा सम्पन्न पहिलो संसदीय निर्वाचनमा नेकपाले भाग लियो र ४ सिट जति जित्न पनि सफल भयो । तर २०१७ साल पुस १ गते तत्कालिन राजा महेन्द्रले सैनिक 'कू' गरी संसदीय व्यवस्थालाई अपदस्त गरी निर्दलीय तथा तानाशाही पञ्चायती व्यवस्था लागु गरेपश्चात् २०१५ साल फाल्गुनमा दरभंगा प्लेनममा नेकपाले एकमतले 'विघटित सार्वभौम संसदको पुनःस्थापनाको प्रस्तावलाई पारित गऱ्यो र संसदीय व्यवस्थाको लालचालाई बढावा दिने काम गऱ्यो ।

२०४६ सालको संयुक्त जनआन्दोलनका क्रममा नेकपा (माले) सहितको ७ वामादलको संयुक्त वाममोर्चाले नेपाली काँग्रेस र राजतन्त्रसँग सम्झौता गरेर संसदीय बहुदलीय व्यवस्थाको पुनर्स्थापनालाई स्वीकार्न पुग्यो र २०४८ सालको आम निर्वाचनमा



हस्तबहादुर के.सी.

भाग लिदै एमालेले २०४९ मा जनताको बहुदलीय जनवादसम्बन्धी बहुलवादमा आधारित संसदीय व्यवस्थालाई स्वीकार्ने नीति पारित गरी सम्पूर्ण शक्ति संसदीय बहुदलीय व्यवस्थामा लगायो र आम रुपमा आफूलाई संसदीय भाषमा डुबायो । र, नेपाली क्रान्तिको नयाँ जनवादी क्रान्तिको कार्यक्रमलाई परित्याग गर्दै वर्गसमन्वयवादमा परिणत हुन पुग्यो । संसदवादको दलदलमा फसिसकेपछि एमालेभित्र पजेरोवादको पनि विकास भई वर्गउत्थान हुन पुग्यो ।

अर्कोतिर नेकपा (एकताकेन्द्र)ले २०४८ सालको आम निर्वाचनलाई संयुक्त जनमोर्चा नेपालको तर्फबाट संसदीय चुनावलाई क्रान्तिकारी उपयोग गर्ने नीतिका आधारमा संसदीय व्यवस्थाको भण्डाफोर गर्ने संसदीय आम निर्वाचनमा भाग लियो र ९ सीटमा विजय हासिल गरेर संसदको तेस्रो ठूलो दल बन्न सफल भएको थियो ।

तर २०५२ साल फाल्गुण १ गतेदेखि तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी)ले "साम्राज्यवाद र विस्तारवादको आडभरोसामा टिकेको राजतन्त्रात्मक बहुदलीय संसदीय व्यवस्थालाई ध्वस्त पारौं, जनताको जनवादी व्यवस्था स्थापना गरौं ।" भन्ने मूल नाराका साथ अर्थात् "प्रतिक्रियावादी राज्यसत्तालाई ध्वस्त गर्दै नयाँ जनवादी राज्यसत्ताको स्थापना गर्न जनयुद्धको बाटोमा अघि बढौं !" भन्ने मूल नारा र कार्यक्रमका आधारमा जनयुद्धको थालनी गरेको थियो । साथै नेकपा

(माओवादी)ले "जनयुद्धका ऐतिहासिक पहलका लागि आफ्ना सात प्रतिबद्धताहरु अगाडि सार्दै जनयुद्धलाई आंशिक सुधार र सम्झौतामा फस्न दिइने छैन" भन्ने आफ्ना प्रतिबद्धताहरु महान नेपाली जनता सामु प्रस्तुत गर्दै जनयुद्धमा होमिएको थियो ।

दश वर्षसम्म संचालित महान जनयुद्ध असीम सौर्य, वीरता, बलिदान र योगदान प्राप्त गर्दै एक पटक नेपाली धरतीलाई मात्र होइन, विश्वलाई नै कम्पायमान तुल्याएको थियो । तर २०६२ असोजमा सम्पन्न चुनवाङ बैठकबाट सशस्त्र जनयुद्धलाई स्थगित गरी लोकतान्त्रिक गणतन्त्रको कार्यनीतिक कार्यदिशा पारित गर्दै २०६२ मंसीर ७ गते भारतको नयाँ दिल्लीमा सात संसदवादी राजनीतिक दलहरुसित १२ बुँदे समझदारी कायम गर्दै शान्ति प्रक्रियामा आयो र त्यस बखत १२ बुँदे समझदारी पत्रमा रहेको 'विघटित संसदको पुनर्स्थापना गर्ने' भन्ने बुँदामा समेत तत्कालिन नेकपा (माओवादी) को नेतृत्व सहमत भयो । र, संसदवादी राजनीतिक दलहरुसित विभिन्न प्रकारका समझदारी र सम्झौता गर्दै अगाडि बढ्ने क्रममा २०६३ मंसिर ३ गते 'बृहत शान्ति सम्झौता गर्ने क्रममा माओवादी नेतृत्वले "दशवर्षदेखि चल्दै आएको सशस्त्र जनयुद्ध आजकै मितिदेखि अन्त्य गरियो" भन्ने बुँदामा समेत हस्ताक्षर गर्न पुगेको कुरा सर्वविदितै छ ।

जनयुद्धकै प्रक्रियाअन्तर्गत संविधानसभामार्फत् महान नेपाली नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने पार्टीको नीति र योजना अनुसार २०६४ साल चैत्र २८ गते सम्पन्न पहिलो संविधान सभाको चुनावमा भाग लिएर संविधान सभाको सबैभन्दा ठूलो दल बन्न पुगेकै हैसियतमा सरकारको नेतृत्व गर्न पुगेको तत्कालीन माओवादी नेतृत्वले चुनवाङ बैठकले लिएको लोकतान्त्रिक गणतन्त्रको कार्यनीतिक कार्यदिशालाई रणनीतिमा जुन बदल्न पुग्यो, त्यसले पार्टीभित्र विवाद पैदा गऱ्यो । पछि खरिपाटी हुँदै पालुङटार प्लेनमा पुगेर पार्टीले "सामन्तवाद तथा साम्राज्यवादविरोधी सारतत्व बोकेको जनताको संघीय गणतन्त्रात्मक संविधान बनाउन पहल गर्ने, यदि प्रतिक्रियावादी शक्तिहरुबाट षड्यन्त्र गरिएमा जनविद्रोहमार्फत् नेपाली क्रान्ति सम्पन्न गर्ने" कार्यदिशा पारित गऱ्यो । तर मुख्य नेतृत्वले पार्टीको यस आधिकारिक कार्यदिशालाई लत्याउँदै "शान्ति र संविधान"सम्बन्धी पुँजीवादी संसदवादी कार्यदिशा र कार्यक्रम पक्डेर अघि बढ्यो र जनमुक्ति सेनाको विघटन गराउँदै संविधानसभालाई समेत विघटन गराउँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा र वर्गीय रुपमा समेत आत्मसमर्पण गर्न पुगेर क्रान्तिप्रति समेत धोका दिन पुगेपछि त्यसभित्रका क्रान्तिकारीहरुले विद्रोह गरी इयास माओवादीको निर्माण गरेको कुरा पनि सर्वविदितै छ ।

त्यसपछि पनि एमाओवादीको मुख्य नेतृत्व संसदीय भावमा चुर्लुम्म डुब्न पुग्यो र २०७० को कथित दोस्रो संविधानसभामा भाग लिन पुग्यो र प्रतिक्रियावादी शक्तिहरुसित साँठगाँठ गर्दै प्रतिगामी संविधान बनाउन महत्वपूर्ण भूमिका खेल्यो र अहिले प्रतिगामी संविधानको कार्यान्वयन गराउने भन्दै प्रतिक्रियावादी सरकारमा सामेल भइरहेको छ ।

अर्कोतिर क्रान्तिवादी माओवादीभित्र पैदा भएको "बादल गुट" पनि संसदीय लोभ, लालचा, पद, प्रतिष्ठा र पैसाका कारण ऱ्याल काँड्दै क्रान्तिकारी माओवादीलाई समेत फटाएर फूटवाद तथा नवसंशोधनवादी पुच्छरवादको चरम अवसरवादी बाटो हुँदै एमाओवादीमा विलय हुन पुगेको छ ।

यसरी नेपाली कम्युनिस्ट आन्दोलनको ६६ वर्षको इतिहासलाई फर्केर हेर्दा र सिंहावलोकन गरेर हेर्दा के देखिन्छ भने इतिहासको शुरुदेखि नै नेपाली कम्युनिस्ट आन्दोलनको क्रान्तिकारी धारा होस् वा संशोधनवादी-सुधारवादी होस्, दुवै धाराका मुख्य नेतृत्व संसदवाद र संसदीय व्यवस्थाप्रति प्रभावित हुँदै आएको मात्रै होइन, संसदीय भाषमा चुर्लुम्मै डुब्न पुगेर क्रान्तिलाई धोका दिदै आएको, सर्वहारावर्गलाई धोका दिदै आएको इतिहास छ ।

नेपाली कम्युनिस्ट आन्दोलनभित्र जुन लामो समयदेखि फुट र विभाजन हुँदै आउने जुन काम भएको छ, यसमा संसदवादको प्रभाव र संसदीय लोभले पनि महत्वपूर्ण भूमिका खेलेको छ । माले-एमालेको विभाजन होस् वा एमाओवादी विभाजन होस् वा पछिल्लो अवधिमा क्रान्तिकारी माओवादीको विभाजन होस् यी सबै विभाजन र फुट हुनुमा संसदवाद र संसदीय व्यवस्थाको प्रभाव पनि एउटा महत्वपूर्ण कारण बन्दै आएको छ ।

क्रान्तिकारी कम्युनिस्ट पार्टीले क्रान्तिपूर्व क्रान्तिको हितमा र क्रान्तिको तयारीका निम्न बुर्जुवा संसदलाई उपयोग गर्ने नीति अवलम्बन गर्न सकिन्छ । संसदमा लेनिनले बोल्शेविक कम्युनिस्ट पार्टीको माध्यमबाट सन् १९०५ र १९१४ मा ९ बुँदाको क्रान्तिकारी उपयोग गरेर क्रान्तिको तयारी गर्नुभएको थियो । चीनमा माओले संसद नभएर पनि क्रान्तिको तयारीका लागि प्रतिक्रियावादी च्याङ काई सेकको सरकार समक्ष संयुक्त सरकारको सवाल उठाउनुभएको थियो, यद्यपि चीनमा त्यो कार्यान्वयनमा आएन । नेपालमा पनि क्रान्तिको हितमा क्रान्तिको तयारीको निम्ति तत्कालिन एकताकेन्द्रले २०४८ सालको आम निर्वाचनमा संसदीय निर्वाचनमा भाग लिएर संसदको क्रान्तिकारी उपयोग गरेको थियो । र, नेकपा (माओवादी)ले पनि नेपाली नयाँ जनवादी क्रान्तिको कार्यभार पुरा गर्ने उद्देश्यका साथ २०६४ सालमा संविधान सभामा भाग लिएको थियो । क्रान्तिको निम्ति संसदलाई उपयोग क्रान्तिविरोधी भएको ठहर्दैन । तर क्रान्तिकारीहरुले कुन हदसम्म संसदलाई उपयोग गर्ने भन्ने कुरा नै मुख्य कुरा हो ।

यसरी संसदवाद नेपालको कम्युनिस्ट आन्दोलनभित्र क्रान्तिको निम्ति मुख्य खतराको रुपमा खडा हुँदै आएको छ । संसदवाद तथा संसदीय व्यवस्थाको प्रभावका कारण नेतृत्वमा चरम अवसरवाद पैदा हुने र वर्ग उत्थान हुँदै त्यसले आत्मसमर्पणवाद र विसर्जनवादको बाटो पक्डेर प्रतिक्रान्तिलाई निम्त्याउने काम गर्दै आएको छ । संसदवादले सिंगो नेपाली कम्युनिस्ट आन्दोलन र क्रान्तिको निम्ति मुख्य खतराको रुपमा खडा क्रान्ति र सर्वहारावर्गलाई धोका दिने काम भएको छ । अन्तिम चरणमा क्रान्तिकारी माओवादीभित्र पैदा भएको बादल गुट पनि पार्टी फोडेर संसदीय आकर्षण र लोभका कारण एमाओवादीमा विलय हुनुलाई एउटा संसदवादकै नयाँ कडीको रुपमा लिन सकिन्छ । क्रान्तिकारी माओवादी कम्युनिस्टहरुले यसको अन्त्यको निम्ति भीषण वैचारिक संघर्षको संचालन गर्नुको विकल्प छैन ।

◆ झर्रोटेर्री — कैलुब्राह

## पेरिसडाँडाको नेप्से परिसूचक उकालोतर्फ

काडमाण्डुको कोटेस्वर स्थित पेरिसडाँडामा एउटा कम्पनी खुलेको छ । उक्त कम्पनीको मुख्य लक्ष्य मान्छेहरूको खरिद बिक्री गर्नु हो । सो कम्पनी विभिन्न नामका दसवटा सानाठूला प्रा.लि.हरू मिलेर बनेको हो । यसको नाम 'नेकपा माके एण्ड हेडक्वार्टर प्रा.लि.' हो । प्रालिका मुख्य प्रोप्राइटर स्वयम् हेडक्वार्टर उर्फ छविलाल पैसावाल (यो जनयुद्धपछि विकसित भएको मारवाडी समुदायको नयाँ थर हो ।) हुन् । गत जेठ ६ गते विशेष कार्यक्रमका बिच कार्की प्यालेसमा जारी गरेको सिसिको शेयर पत्रको मूल्य दिनहुँ बढेको बढ्यै छ । उद्घाटनमै ४९९ अङ्कबाट सुरु गरिएको शेयर मूल्य भोलिपल्टबाटै बढ्न सुरु गरेको हो । क्रमशः ५९९, ९९९, १०९९ हुँदै बढेको नेप्से अङ्क यहि ८ गतेबाट ह्वात्तै बढेर १४९९ मा पुगेको छ । यो अङ्क अझै बढेर दुईहजारको अङ्क पनि कट्न सक्ने प्रालिका प्रोप्राइटरले जानकारी दिएका छन् । खुल्ला बोलपत्र आह्वान गरिएको शेयरको बिक्री चौबीसै घण्टा खुल्ला रहने र यो कहिल्यै बन्द नहुने जनाइएको छ । आगामी चुनावलाई मध्यनजर गरेर खोलिएको नेप्सेको बजार मूल्य १० सदस्य जम्मा पारेपछि सिसिएम पङ्काउन सकिने बताइएको छ । त्यस्तै ३ सिसिएम बराबर १ पिबिएम र ३ पिबिएम बराबर १ स्थायी समिति सदस्य रहेको छ । यसको आर्थिक नारा 'एक प्रदेश एक कार्यालय सदस्य, एक जिल्ला एक स्थायी सदस्य, एक गाउँ एक पिबिएम, एक घर एक सिसिएम र एक व्यक्ति एक डिसिएम' रहेको छ । जति छिटो यो नारा लागू गर्न सक्यो उती छिटो समाजवादी क्रान्ति सम्पन्न हुने प्रालिले घोषणा गरेको छ ।

यो शेयर खरिद गर्नेलाई विशेष प्रकारको बम्पर उपहार पनि राखिएको छ । पहिलो बम्पर उपहारमा कार्यालय सदस्य रहेको छ । त्यस भन्दा तल स्थायी समिति सदस्य र पिबिएम सम्मका रहेका छन् । यी सबै उपहार घरमै बसेर प्राप्त गर्न सकिने प्रालिले जनाएको छ । कसैकसैलाई विना शर्त पनि घरमै बसेर बढुवाको उपहार पर्न सक्छ भने सामान्यतया उपहारका लागि निम्न शर्तहरू पालना गर्नुपर्ने छ ।

**शर्तहरू :**

१. माओवादी नामका कुनै पनि दलबाट निस्कृय भएर घरमा बसेको र शीर्ष नेताहरूलाई न्वारानदेखिको बल लगाएर नेपाली राजनीतिक शब्दकोषमा भएका र जनजिब्रोमा प्रचलित शब्दहरूले गाली गर्दै सार्वजनिक रूपमा सत्तोसराप गरेको ।

२. आफू बसेको पार्टी नेताका विरुद्ध षड्यन्त्र, छलछाम, धोकाधडी गरेको र दोष जति नेतालाई थोपर्नमा ए प्लस ग्रेड प्राप्त गरेको ।

३. प्रा.लि.का प्रोप्राइटरको घरमा समय समयमा चाकडी गर्न, सकेसम्म कोशेली पुऱ्याउन जाने गरेको र उनको गुणगानमा भजन कृतन गरेको ।

४. कम्युनिस्ट विचार, राजनीति, नैतिकता र मूल्य मान्यतालाई तिलान्जली दिएर लम्पटदास संस्कृतिले ओतप्रोत भएको ।

५. मालेमावादी दर्शन, राजनीति र संस्कृतिलाई जड्शूत्रवाद भन्न सक्ने र त्यसलाई पुरानो भयो भनेर जतिसक्दो भ्रम फैलाउन सक्षम हुनु पर्ने ।

६. क्रान्तिको निर्णायक अवस्थामा भागेको, अहिले क्रान्तिबाट थाकेको, अबको बाँकी जीवन शुभलाभमा लागाउने भित्री मनसुवाका साथ शेयर खरिदमा तयार भएको हुनुपर्ने ।

७. सामाजिक सञ्जालका भित्ताहरूमा मनगढन्ते कुराहरू पोष्ट गर्न, आफूलाई मन नपरेका आफ्नै दलका र छोडेका पार्टीका नेताहरूलाई जतिसक्दो खुइल्याउन, गाली गर्न, कमेन्ट गर्न, भ्रम फैलाउन सक्ने ।

८. जग्गा दलाली गर्न, काठ, चन्दन र यार्चागुम्बा तस्करी गर्न सक्षम भएको ।

९. स्थानीय तहमा हुने बाटाघाटा, कुला, नहर, पुलपुलेसा, पानीधारा आदि जस्ता नियमित विकासका योजनाहरूबाट कमिसन उठाउन, डोजरहरू खरिद गरेर आफै सञ्चालन गर्न, डनहरू लागाएर सकेसम्म आफै ठेक्का लिएको र लिन सक्ने ।

१०. जनयुद्ध लडेको धाकधक्कु लगाएर हरेक लाभका पदहरूमा बार्गेनिङ गर्न सक्ने ।

११. प्रालिका नाममा चन्दा उठाउन, भ्रष्टाचार गर्न, त्यसको कमिशन हेडक्वार्टरसम्म पुऱ्याउन आँट, साहस र क्षमता भएको ।

१२. होटेल, रेस्टुराँहरूमा जाँडपार्टीमा लीन हुन सक्ने र माथिल्लो तहकालाई दिन सक्ने खुबी भएको ।

१३. जुवातास खेल्ने, केटाकेटी पटाउन सक्ने, तडकभडकयुक्त पहिरनमा सजिन सक्ने, जनयुद्धकालमा गरिएका अन्तरजातीय र आफू भन्दा तल्लो वर्गका केटीहरूसँग गरेका विहे त्यागेको र सकेसम्म दुइतिनवटी विहे गरेको । नयाँ नयाँ आकर्षक केटी भेटाएमा श्रीमतीलाई अनेक लान्छना लगाएर त्याग्ने र नयाँसँग विहे गर्न सक्ने । महिलाहरूलाई सहयोद्धा होइन खेलौनाका रूपमा प्रयोग गर्न सक्ने खुबी भएको ।

१४. जातिवाद, लिङ्गवाद, उपभोगतावाद जस्ता दर्शनलाई अहिलेको युग अनुकूलक भएको भनेर व्यख्या गर्न सक्ने ।

१५. प्रालिको शेयर खरिद गरिसकेपछि प्राप्त हुने र भएका लाभका पदहरूमा आफ्ना श्रीमान्, श्रीमती, छोराछोरी, सालासाली, भान्जाभान्जी, ज्वाई, बुहारी, नानातिना जस्ता नजिकका नातेदारहरूलाई राखेको र राख्न सक्ने ।

१६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका विभिन्न खुफिया एजेन्सीहरूमा गुप्तरूपमा जागिर खाएको र खान सक्ने खुबी भएको ।

उपर्युल्लिखित शर्तहरूका अलावा नयाँ नयाँ टेकनिकहरू जानेको र लोभलालच, घुर्की धम्की दिन सक्ने हरेक नेपाली नागरिकहरूले पेरिसडाँडाबाट जारी गरिएको प्रालिको शेयर खरिद गर्न सकिने छ । जतिसक्यो छिटो यो शेयर खरिद गर्नेलाई आगिमी दिनमा प्राप्त हुने लाभका पदहरूमा पहिलो नम्बरमा राखिने कुरा पनि उक्त प्रालिबाट जारी गरिएको वक्तव्यमा जनाइएको छ ।

# किन बाहिरियो ईयूबाट बेलायत ?


**काठमाडौं ।** २४ जुन, ०१६ मा बेलायतमा भएको जनमत संग्रहबाट युरोपेली संघको सदस्यबाट बेलायतले अलग्गिने निर्णय गरेको छ । करिब ४३ वर्ष लामो युरोपेली संघ र बेलायतबीचको सम्बन्ध समाप्त भएको छ । बेलायतको यो निर्णयले विश्वभर तरंग पैदा भएको छ । बेलायतका ५१.९ प्रतिशत जनताले इयू छोड्नुपर्ने पक्षमा मत जाहेर गरेका थिए । करिब ४ करोड ६५ लाख नागरिक मतदानका लागि योग्य भए पनि यस जनमत संग्रहमा ७२.२ प्रतिशत मत खसेको थियो । २० वर्षदेखि बेलायत इयूबाट अलग हुनुपर्ने पक्षमा वकालत गर्दै आएका यूकिप पार्टीका नेता निजेल फराजले जनमत संग्रहको दिनलाई 'स्वतन्त्रता दिवस'को मनाइनु पर्ने प्रतिक्रिया दिएका छन् । बेलायतको उक्त निर्णय र त्यसले विश्वव्यापी रुपमा पार्ने प्रभावको बारेमा विभिन्न कोणबाट टिप्पणी र विश्लेषण हुने क्रम जारी छ ।

### किन अलग्गिने निर्णय गऱ्यो बेलायतले ?

.बेलायतले युरोपेली संघमा हुँदा आफ्नो भूमिकामा संकुचन आएको महसुस गऱ्यो । व्यापारका लागि इयूका अनगिन्ती सर्त पालना गर्नुपर्ने र चर्को वार्षिक शुल्कबाट बेलायत इयूबाट आजित हुँदै आएको थियो । युरो र पाउन्डमध्ये पाउन्डको मूल्य बढी भएकाले संघभरका मानिस बेलायत छिर्ने र पाउन्डमा आम्दानी गर्दा स्थानीयले काम पाउन छाडेको धेरैको गुनासो थियो । युके इण्डिपेन्डेन्ट्स पार्टीका अध्यक्ष नाइजल फारेजले आपप्रवासीहरुको मुद्दालाई जोड दिएर उठाइरहेका थिए । यो मुद्दा अन्त्यमा आएर बेलायतको संस्कृति, पहिचान र राष्ट्रियतासँग जोडिन पुग्यो । परिणममत पछिल्ला दश वर्षमा विभिन्न देशबाट बेलायतमा आई बसोबास गर्नेहरुको संख्याका कारण स्थानीय मानिसहरु खुसी थिएनन् । सम्भवतः उनीहरुले आगामी २० वर्षमा बढ्ने आप्रवासीहरुको प्रभावका बारेमा सोचे र अलग हुने निर्णयमा नै भलो देखे ।

### पार्ने र परेको असर

बेलायतको जनमत संग्रह लोकतान्त्रिक प्रक्रिया भएता पनि यसको नतिजाले अब उसलाई परम्परागत राष्ट्रवादतर्फ लैजान सक्ने वाशिंटन पोष्टमा छापिएको छ ।



तथापि ईयुबाट बाहिरिने निर्णय कार्यान्वयन हुन अझै केही वर्ष लाग्ने छ । त्यसो त अन्तरराष्ट्रिय सञ्चारमाध्यममा आएका विश्लेषणहरुलाई आधार मान्ने हो भने यो निर्णयका कारण अब बेलायतको आन्तरिक राजनीतिसमेत धरापमा पर्ने देखिएको छ ।

जनमत संग्रहमा ईयुसँगै बस्नुपर्ने पक्षमा ६२ प्रतिशत मत व्यक्त गरेको स्कटल्याण्डले कडा प्रतिक्रिया दिइसकेको छ । उसले ईयुसँग स्कटल्याण्डले सम्बन्ध नटुटाउने चेतावनी दिएको छ, जसले बेलायतको आन्तरिक राजनीतिमा मात्रै संकट निम्त्याएको छैन, बेलायतबाट स्टकल्याण्ड छुट्टिने सम्भावनालाई पनि बढाएको छ ।

जनमत संग्रहमा वेल्स र इङ्ल्याण्डबाहेक सबै ठाउँमा ईयुबाट अलग बन्न नहुने मतले जितेको छ । जस्तो कि स्कटल्याण्डले ६२ प्रतिशत, उत्तरी आयरल्याण्डले ५५.५ प्रतिशत र लण्डनले झण्डै ६० प्रतिशत मत ईयुसँगै रहनुपर्ने पक्षमा दिएका छन् । तर, वेल्स र इङ्ल्याण्डको मतका कारण बेलायत ईयुबाट अलग्गिन बाध्य बनेको छ । यसको प्रभावस्वरुप बेलायतको आन्तरिक राजनीति कमजोर र विखण्डित बन्न पुगेको छ ।

उता बेलायत मात्रै नभएर यो निर्णयसँगै ईयु पनि कमजोर बनेको छ । ईयुले आफ्नो सबैभन्दा ठूलो सैनिक पार्टनर गुमाएको छ । त्यसैगरी आर्थिक हिसाबले पनि ईयुले बेलायतको साथ गुमाएको छ ।

### नेपालमा कस्तो असर पर्ला ?

इयुबाट बेलायत बाहिरिने निर्णयसँगै बेलायती मुद्रामा आएको १३ प्रतिशत अवमूल्यनको प्रधान बेलायतमा रहेका गोरखाली सैनिक र तिनका परिवारजनमाथि पर्न सक्छ । करिब ९५ हजार गोरखाहरुलाई यो मुद्रा अवमूल्यनको असर पर्न सक्ने र बेलायती सरकारबाट पेन्सन थाप्ने नेपालीहरुलाईसमेत घाटा लाग्न सक्ने विश्लेशकहरुले बताएका छन् ।

यसका साथै नेपालको विदेश नीतिका सम्बन्धमा पनि केही फरकपन आउन सक्ने उनीहरुको विश्लेषण छ । बेलायतले अहिलेसम्म ईयुको आँखाले नेपाललाई हेर्ने गरेको र वेलायती प्रभावभन्दा पनि ईयु पार्लियामेन्टको दृष्टिकोण नेपालमा हावी हुने गरेको तर्क गरिएको छ ।

### भारतमा पनि तरंग

ईयुबाट बाहिरिने बेलायती निर्णयसँग भारतमा निकै ठूलो तरंग आएको छ । भारतीय सञ्चार माध्यमका अनुसार बेलायतको यस्तो निर्णयका कारण भारतीयहरुको रोजगारीमाथि समेत समस्या पर्ने सम्भावना देखिएको छ । जस्तो कि करिब २० हजार भारतीय (गोवा) का नागरिकहरुले पोल्याण्डको पासपोर्ट बोकेका छन् । र, उनीहरु बेलायतमा नोकरी गर्छन् । अब उनीहरुले गर्दै आएको बेरोकतोक पेशा व्यवसायमा बेलायती जनमत संग्रहको नतिजाले असर पार्न सक्ने चिन्ता भारतीयहरुमा देखिएको छ । अब पोल्याण्डको पासपोर्ट लिएर बेलायतमा काम गर्न पाइने अवस्थामा यो नतिजाले पूर्णविराम लगाउन सक्छ ।

त्यसैगरी उपनिवेश कालको प्रभावस्वरुप भारतको पाण्डुचेरी प्रान्तका कतिपय भारतीयहरुले फ्रान्सको पासपोर्ट लिएका छन् र उनीहरु बेलायतमा बेरोकतोक काम गरिरहेका छन् । अब उनीहरुको रोजगारीमा पनि यो नतिजाले असर पार्न सक्छ । यसैबीच, पुनः जनमत संग्रहको माग गर्दै बेलायतमा प्रदर्शन गर्न थालिएको छ ।

(न्यूज एजेन्सीहरुको सहयोगमा)

## विज्ञप्ति र समसामयिक ...

नवसंशोधनवादमाथि विचारधारात्मक तथा राजनीतिक रूपमा शानदार विजय हासिल गरिएको कुराबारे प्रकाश पार्नुभयो ।

६- केन्द्रीय सल्लाहकार समितिका अध्यक्ष क. ओम गुरुङसहित विभिन्न जनवर्गीय मोर्चाका नेताहरूद्वारा राष्ट्रिय भेलाको सफलताका लागि शुभकामना मन्तव्य दिइयो । त्यसपश्चात् उद्घाटन सत्रको समापन गरियो ।

**बन्दसत्र**

७- २०७३ असार ७ गते विहान ओं साइ पार्टी प्यालेसमा केन्द्रीय सङ्गठन ब्यूरो सदस्य क. सीपी गजुरेलको सञ्चालन र अध्यक्ष क. किरणको अध्यक्षतामा बन्दसत्रको प्रारम्भ भयो । अध्यक्ष क. किरणद्वारा राजनीतिक प्रतिवेदन र केन्द्रीय सङ्गठन ब्युरोका सदस्य क. रामसिंह श्रीसद्वारा पार्टी विधानको संशोधनसम्बन्धी प्रस्ताव प्रस्तुत गरिए ।

८- त्यसपश्चात् दस्तावेजहरूबारे छलफल तथा बहसका निम्ति प्रतिनिधिहरूलाई १९ समूहमा विभाजित गरियो ।

९- यसै क्रममा २०७३ मा १९ ओटै समूहका नेताहरूद्वारा दस्तावेजहरूबारे अभिमत राख्ने काम भयो । त्यसपश्चात् दस्तावेज प्रस्तोता कमरेडहरूद्वारा स्पष्टीकरण दिइयो । अनि सर्वसम्मत रूपमा उक्त राजनीतिक प्रतिवेदन तथा विधान पारित गरिए ।

उक्त प्रतिवेदनमा उल्लिखित मुख्य सारवस्तुलाई सङ्क्षिप्त रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ :

» प्रतिवेदनमा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय राजनीतिक परिस्थितिको सङ्क्षिप्त मूल्याङ्कन गरिएको छ । विश्वमा भूमण्डलीकृत साम्राज्यवादी उत्पीडन तथा हस्तक्षेप बढ्दै गएको, नेपालमा सामान्यतः साम्राज्यवाद र विशेषतः भारतीय विस्तारवादको चलखेल तीव्र बनेको कुरा उल्लेख गर्दै दलाल, नोकरशाही पुँजीपति एवम् सामन्तवर्गीय राज्यसत्ताको उत्पीडन तीव्र बन्न गएको कुरा बताइएको छ । संविधानमा उल्लेखित गणतन्त्र, धर्मनिरपेक्षता, सङ्घीयता, समानुपातिक समावेशी प्रतिनिधित्व लगायतका विषय अङ्शतः सकारात्मक रहे पनि समग्रमा यो संविधान प्रतिक्रियावादी नै रहेको कुरा पुनः ठहर गरिएको छ र यसप्रकारको राज्यसत्ता, संविधान तथा संसदीय व्यवस्थाको विरोध तथा भण्डाफोर गर्नुपर्ने आवश्यकतामाथि जोड दिइएको छ ।

» विश्व र नेपालमा पनि क्रान्तिका लागि यो बेला वस्तुगत अनुकूलताको तुलनामा आत्मगत प्रतिकूलता बढी छन् । त्यस स्थितिमा प्रतिकूलतालाई अनुकूलतामा बदल्न, क्रान्तिकारी अन्तर्राष्ट्रिय आन्दोलनको पुनर्गठन गर्न र क्रान्तिकारी कम्युनिस्ट पार्टीलाई सुदृढ तुल्याउँदै नयाँ जनवादी क्रान्तिको तयारीका कामलाई गम्भीरतापूर्वक अगाडि बढाउन विशेष जोड दिनुपर्ने कुरा दर्शाइएको छ ।

» भूमण्डलीकृत साम्राज्यवाद तथा विस्तारवाद, अन्तर ष्ट्रिय कम्युनिस्ट आन्दोलन, देशको सामाजिक तथा आर्थिक अवस्था, नेपाली कम्युनिस्ट आन्दोलन लगायत विषयबारे द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्वदृष्टिकोणका आधारमा सकारात्मक तथा तथ्यसङ्गत रूपमा अध्ययन गरी पार्टीको आधारभूत कार्यदिशा, रणनीति तथा कार्यनीतिलाई परिमार्जित, समृद्ध तथा विकसित तुल्याउनका लागि राष्ट्रिय सम्मेलनको आवश्यकता खट्किदै आएको र दुई लाइनसङ्घर्ष फुटमा परिणत हुनुको कारण सो हुन नसकेको स्थितिमा आवश्यक तयारीसहित यही २०७३ साल फागुन महिनामा राष्ट्रिय सम्मेलन गर्ने निर्णय लिइएको छ ।

» पूर्वएमाओवादी वा माओवादी केन्द्र दक्षिणपन्थी नवसंशोधनवाद मात्र होइन, पश्चगामी दिशातिर अग्रसर भइरहेको स्थितिमा त्यससितको पार्टी एकतालाई खारेज गरिएको छ । यसैगरी, पहिलेदेखि प्रस्तुत गरिँदै आएका सैद्धान्तिक, राजनीतिक तथा साङ्गठनिक मान्यताका आधारमा सच्चा कम्युनिस्टहरूसहित क्रान्तिकारी माओवादी शक्तिका बिचमा सिद्धान्ततः एकीकरण र ध्रुवीकरण हुनसक्ने मान्यतालाई स्वीकार गर्दै व्यवहारतः त्यसप्रकारका कुनै पनि शक्तिसित सिद्धान्त तथा कार्यदिशाबारे समान धारणा नबन्दासम्म हतारमा एकीकरण वा ध्रुवीकरणको प्रक्रियामा संलग्न नबन्ने ठेगान गरिएको छ ।

» सङ्गठन तथा सङ्घर्षका तात्कालीन योजना तथा कार्यक्रम बनाउने जिम्मा केन्द्रीय समितिलाई दिइएको छ ।

» राष्ट्रियता, जनतन्त्र तथा जनजीविका लगायतका विषयलाई लिएर आफ्नै पहलमा कार्यक्रम ल्याउने र कतिपय अवस्थामा मिल्दाजुल्दा साझा विषयमा कार्यगत एकता गर्न सकिने ठेगान भएको छ ।

१०- यसपश्चात् क. सीपी गजुरेलद्वारा विभिन्न विषयमा आधारित समसामयिक प्रस्ताव प्रस्तुत गरियो र सो प्रस्ताव पनि सर्वसम्मत रूपमा पारित भयो ।

११- राष्ट्रिय भेला व्यवस्थापन समितिका तर्फबाट केन्द्रीय सचिवालय सदस्य क. दिनेश शर्माद्वारा व्यवस्थापनसम्बन्धी रिपोर्ट प्रस्तुत गरियो र सो रिपोर्ट अनुमोदन गरियो ।

१२- अन्तमा, अध्यक्ष क. किरणद्वारा सङ्क्षिप्त मन्तव्यसहित पार्टीको ऐतिहासिक भेला भव्य रूपमा सम्पन्न भएको घोषित गर्दै सो भेलाको समापन गरियो ।

धन्यवाद !
मोहन वैद्य 'किरण',
अध्यक्ष

## राष्ट्रिय भेलाद्वारा पारित समसामयिक प्रस्ताव

१. हालै अफगानिस्तानको राजधानी काबुल नजिकै नेपाली सुरक्षा गार्डमाथि भएको आत्मघाती हमलामा परी १२ जना नेपालीको आतङ्ककारी हत्याको यो भेला घोर निन्दा गर्दछ र मृत्यु हुनेहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछ । मृतकका परिवारजनहरूलाई अविलम्ब उचित राहतको व्यवस्था गर्न पनि यो भेला जोडदार माग गर्दछ तथा घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको पनि कामना गर्दछ । यसका साथै विदेशमा रोजगारीका लागि गएका नेपालीहरूमाथि हुने गरेको अत्याचार बन्द गर्नुका साथै उनीहरूको सुरक्षाको लागि अविलम्ब प्रक्रिया अघि बढाइनुपर्दछ भन्ने माग गर्दछ ।

२. ठूलो विरोधका बाबजुद गरिएको माथिल्लो कर्णाली र अरुण तेस्रो 'परियोजना विकास सम्झौता' (एम्ब) तथा 'उर्जा व्यापार सम्झौता' ९एत्ब० लाई आधार बनाएर यो सरकारद्वारा नेपाली सेना परिचालन गरी जबर्जस्ती भइरहेको योजना अघि बढाउने काम अबिलम्ब बन्द गरिनुपर्दछ ।

३. सन् १९५० लगायत नेपाल-भारतका बीचमा भएका सबै असमान सन्धिहरू खारेज हुनुपर्दछ ।

४. नेपालमाथि भइरहेका सबै प्रकारका विदेशी हस्तक्षेप बन्द गरिनुपर्दछ ।

५. भारत सरकारबाट भएका सीमा अतिक्रमण बन्दख गरिनुपर्दछ र नेपालको स्थापित सीमाको पूर्ण सुरक्षा हुनेगगरी दुई पक्षीय सम्झौता गरिनुपर्दछ ।

६. हाम्रो पार्टी सँधै एक चीन नीतिको पक्षमा छ । तिब्बत चीनको अभिन्न अङ्ग भएको कुरालाई यो भेला पुनः दोहोऱ्याउन चाहन्छ ।

७. पश्चगामी संविधान खारेज गरी जनसंविधान बनाइनुपर्दछ ।

८. जनयुद्धकालीन मुद्दाहरूलाई अदालती कारबाहीमा लैजान अविलम्ब रोकिनुपर्दछ । ती मुद्दाहरूलाई 'सत्य निरुपण तथा मेलमिलाप आयोग' मार्फत् मेलमिलापको प्रक्रियामा लैजानु पर्दछ ।

९. जनयुद्धकालमा राज्यद्वारा वेपत्ता पारिएका कमरेडहरूलाई सार्वजनिकीकरण गर्ने प्रतिबद्धता अविलम्ब कार्यान्वयन गरियोस् ।

१०. महाभूकम्पका पीडितहरूको १४ महिना बितिसक्दा पनि कुनै व्यवस्था गरिएको छैन । उनीहरूको तुरुन्त व्यवस्था गरिनुपर्दछ ।

११. भारतको नाकाबन्दीदेखि यता संस्थागत भएका कालोबजारी र तस्करीमाथि नियन्त्रण गरी जनतालाई सुपथ मूल्यमा आवश्यक वस्तुहरू उपलब्ध गराइयोस् ।

१२. महिला हिंसाको जघन्य रुप बलात्कारका घटनाको तीव्र रुपमा वृद्धि भइरहेको छ । अपराधमा संलग्न अपराधीलाई उन्मुक्ति दिने काम अविलम्ब बन्द गरिनुपर्दछ र अपराधीमाथि कडा कारबाही गरिनुपर्दछ र महिलाहरूको सुरक्षाको ग्यारेन्टी गरिनुपर्दछ ।

१३. जनयुद्धका दौरानमा जनसरकारहरूद्वारा नियन्त्रण हुँदै आएका छुवाछुतका दुर्व्यवहार अहिले आएर तीव्र रुपमा बढिरहेका छन् । यो अमानवीय कार्य अविलम्ब रोकिनुपर्दछ र यसप्रकारका गतिविधिहरूमा संलग्न हुनेहरूमाथि कारबाही गरिनुपर्दछ ।

१४. जनयुद्धकालमा जनसरकारद्वारा गरिएका जनताका जग्गाका रजिष्ट्रेशनहरूलाई मान्यता दिइयोस् ।

१५. राज्यको पुनर्संरचना सम्बन्धी बहसको कुनै टुङ्गो नलागिरहेको अहिलेको संक्रमणकालीन अवस्थामा गर्न खोजिएको निर्वाचन धोका हो ।

१६. नेपालमै राजगारीको व्यवस्था गरी नेपाली युवाहरूलाई विदेशमा जान वाध्य हुने अवस्थाको अन्त्य गरिनुपर्दछ ।

१७. किसानहरूको उत्पादनको उचित मूल्य र बजारको व्यवस्था गरिनुपर्दछ ।

१८. यो भेला नेपाली गोरखा सेनाले ब्रिटिश सरकारसँग राखेका समान पेन्सन र सुविधा सम्बन्धी न्यायपूर्ण मागहरूको समर्थन गर्दछ र तिनलाई अविलम्ब पूरा गरियोस् भन्ने माग गर्दछ ।

१९. अमेरिकी साम्राज्यवादले आफ्नै देशका गरिब तथा कालाजाति जनतामाथि गरेको उत्पीडनका विरुद्ध केही समयदेखि त्यहाँका सङ्घर्षशील जनताले सञ्चालन गरिरहेको विरोध र सङ्घर्षप्रति यो भेला ऐक्यबद्धता जाहेर गर्दछ ।

२०. भारतको दिल्ली विश्वविद्यालयका प्राध्यापक जी एन साइबाबा र अप्पा रावको भारत सरकारबाट गरिएको गैरकानुनी गिरफ्तारीको घोर विरोध गर्दै यो भेला उहाँहरूको शीघ्र रिहाईको माग गर्दछ ।

२१. स्कुलदेखि विश्वविद्यालयसम्म, संस्थानदेखि नेपाल सरकारसम्मको कर्मचारी भर्नाको काम खुल्ला प्रतिस्पर्धाबाट आयोगमार्फत् गरिनुपर्दछ ।

२२. बर्दियाको राष्ट्रिय निकुञ्ज वरीपरीका क्षेत्रका जनतामाथि त्यहाँका कर्मचारी भइरहेको उत्पीडन र वन्यजन्तुबाट भइरहेको क्षति तुरुन्त बन्द गरिनुपर्दछ भन्ने यो भेला माग गर्दछ ।

२३. बाग्लुङको धोरपाटन राष्ट्रिय निकुञ्जको रक्षा गर्ने बहानामा त्यस क्षेत्रमा स्थायी सेना परिचालन गरी त्यस क्षेत्रका आदिवासी जनजाति र दलितहरूको चरन लगायत जमिनबाट हटाउने काम अविलम्ब बन्द गरिनुपर्दछ ।

२४. शक्तिशाली नागरिकता छानविन आयोग गठन गर्नुपर्दछ ।

२५. अस्थायी शिक्षकलाई मापदण्ड बनाई राज्यले स्थायी गराउनुपर्दछ ।

२६. शिक्षा ऐनमा दोहोरो शिक्षा प्रणाली खारेज गर्नुपर्दछ ।

२७. पश्चिम सेती जनताको ५० प्रतिशत सेयरसहित निर्माण गर्नुपर्दछ ।

२०७३ असार ९

# इच्छुक हिड्ने बाटो हिड्दाको चुनौती



रोशन जनकपुरी

**विगत दश वर्षभित्र माओवादी आन्दोलनमा जनगणतन्त्रको ठाउँमा लोकतान्त्रिक गणतन्त्र र नयाँ जनवादी क्रान्तिको माध्यमबाट आमूल परिवर्तनको दिशामा अग्रसरताको ठाउँमा संसदवाद तर्फको आकर्षण बढ्दो छ । यस्तो भान हुन्छ, मानौँ, माओवादी आन्दोलनको ठूलो हिस्सा थाकेको, पस्त, अन्योलग्रस्त र भयग्रस्त छ ।**

*"यस काव्यको अन्तिम अध्याय पनि*
*लेख्दा लेख्दै भोली अपूर्ण हुन सक्दछ*
*गेस्टापोको ग्याँस च्याम्बर जस्तो*
*यस सन्त्रासमय समयमा जस्ले*
*गद्दारी होइन मृत्यु रोजेका छन् ।*
*वास्तवमा ती सच्चा जीवन बाँचेका हुन् ।*
***(बन्दी र चन्द्रागिरी : इच्छुक)***

यो पटक इच्छुक स्मृति दिवस जेठ १३ गतेको कार्यक्रममा सहभागी अतिथि, आयोजक र सहभागी, प्रायः सबैको अन्तरमा इच्छुकका उपर्युक्त पंक्तिहरुका भावहरुले भने पक्कै आलोकित गरिरहेको हुनु पर्दछ । जेठ १३ गते इच्छुक प्रतिष्ठानले सम्वाद डबलीमा आयोजना गरेको कार्यक्रममा सामेल वक्ताहरुको अनुहारको भाव र बोलीमा देखिने सकसले यस्तै–यस्तै भान गराई रहेको थियो । त्यो, नेकपा (क्रान्तिकारी माओवादी) भित्रको दुई लाईन संघर्षको कलाहीन पटाक्षेप र नेपाली माओवादी आन्दोलनमा एक पटक फेरि 'सार' (विचार) माथी 'रुप'को वर्चस्वको त्रासदपूर्ण तीतोपना आलो भएरै होला शायद । केही वक्ताहरुले अनुहारमा भावशून्यता र तटस्थ प्रवचकको भाव कायम राख्न खोजेपनि शब्दहरुले साथ नदिई रहेको प्रष्टै देखिन्थ्यो । कयौँको त सांगठनिक पक्षधरता र वैचारिक पक्षधरता बीचको अन्तर्द्वन्दको पीडा नचाहँदा चाहँदैपनि बाहिरिएको थियो । माओवादी आन्दोलनका लक्ष्यहरु, जो नयाँ जनवादको बाटो हुँदै समाजवाद र साम्यवाद सम्म पम्लिएको छ, उपेक्षितै छन् । हजारौँ माओवादी कार्यकर्ता र नेपाली जनताको शहादत, त्याग र तपस्याबाट प्राप्त गणतन्त्र, जनताको पोल्टामा आउन बाँकी नै छ । बरु यस्मा पुरानै देश-विदेशी शक्तिहरु च्याँईँ-दाँईँ मच्चाउँदै छन् । परिस्थितिले जनसंघर्षका नयाँ आयाम र ज्वार-भाटा सिर्जन गर्नुपर्ने आवश्यकता तिर डोऱ्याउन खोज्दै छ । यस्तो सम्वेदनशील घड़ीमा माओवादी आन्दोलनकारी पंक्तिभित्र विचारहीनता जन्मनु र 'मात्रात्मकता' प्रति आकर्षित हुनुले त्रासदपूर्ण अवस्था सिर्जना गरेको छ । आफ्नै साथीहरु संशोधनवाद र नवसंशोधनवादमा पतन हुनु र सँगै बसेका आत्मीयहरु समेत भ्रम सिर्जना गर्दै 'रुपवाद' र 'पिछलग्गूपन'मा परिणत हुँदै जानू अतिशय पीड़ादायी क्षण हुने गर्दछ । यसैले होला, माओले अन्तरसंघर्षलाई वर्ग संघर्ष भन्दा पनि बढ़ी पीड़ादायी भनेका थिए । पेरुभियाली माओवादी आन्दोलनको नायक (जो अझै दुश्मनको कालकोठरीमा अविचल छन् ।) कमरेड गोन्जालोले एउटा पत्रकारलाई भनेका थिए रे :–"म भित्र एउटा मात्र डर छ, 'म कतै डराउँछु कि'।" इच्छुकलेपनि यसै सन्दर्भमा 'सच्चा जिवन'को इच्छा व्यक्त गरेका छन् । उनले गौरवमयी मृत्यु रोजेर 'सच्चा जिवन'लाई सार्थक परिभाषित गरे । हुन त इच्छुक आस्थाका अजडको स्तम्भ हुन, जसका वरिपरी क्रान्तिकारीहरु गोलबन्द हुन्छन् र स्तम्भको शीखर सम्म पुग्ने प्रयास सतत् गरिरहन्छन् । तर यस पटकको स्मृति दिवसमा उनि मलाई बढ़ी जीवन्त, सान्दर्भिक र अवलम्बमय लागे ।

इच्छुक त्रिआयामिक (अझ भनौँ बहुआयामिक) हुन्-साहित्यकार, पत्रकार र राजनीतिज्ञ । त्यसैले हो, उनको स्मृति दिवसमा सबै सामेल हुन्छन्, उत्तिकै आत्मीयता, श्रद्धा र सम्मान सहित । यस पटकपनि यस्तै भयो- बिहान पत्रकार हरुको अगुआईमा भएको प्रभात फेरी होस वा दिउँसो इच्छुक साँस्कृतिक प्रतिष्ठानको स्मृति दिवस समारोह, सबै सामेल थिए । नेकपा क्रान्तिकारी माओवादीका अध्यक्ष कमरेड मोहन वैद्य 'किरण' जो साहित्य सौन्दर्य चिन्तनको क्षेत्रमा "चैतन्य"को नामले सुपरिचित हुनुहुन्छ , साहित्य सौन्दर्य क्षेत्रका वरिष्ठ सर्जक नीनू चापागाँई, अमर गिरी, अखिल नेपाल जनसाँस्कृतिक महासंघका अध्यक्ष ( र प्रतिष्ठानका अध्यक्ष पनि) इश्वर चन्द्र ज्ञवाली, क्रान्किारी पत्रकार महासंघका अध्यक्ष कुमार शाह लगायत कवि-साहित्यकार सबै क्षेत्रको उपस्थिति थियो मञ्चमा ।




विगत दश वर्षभित्र माओवादी आन्दोलनमा जनगणतन्त्रको ठाउँमा लोकतान्त्रिक गणतन्त्र र नयाँ जनवादी क्रान्तिको माध्यमबाट आमूल परिवर्तनको दिशामा अग्रसरताको ठाउँमा संसदवाद तर्फको आकर्षण बढ़दो छ । यस्तो भान हुन्छ, मानौँ, माओवादी आन्दोलनको ठूलो हिस्सा थाकेको, पस्त, अन्योलग्रस्त र भयग्रस्त छ । उसको विवशता कहाँ सम्म छ भने, एकातिर जनताको भयले गर्दा उ माओवादी परिचय पनि छोड्न चाँहदैन भने अर्कोतिर शासकीय वैधता प्राप्त गर्न देशी-विदेशी पुरातन शक्तिहरुसँग निकटता कायम गर्नमा लिप्त छ । यो आन्दोलन भित्रका साँस्कृतिक पतनको यात्रा हो । यस्ले क्रान्तिको सफलता प्रति अविश्वास र सहज विकल्पको अवसरवादी बाटो तिर डोऱ्याउँछ । साम्यवादी लक्ष्य सम्मको यात्रामा यस्ता दुविधाजन्य परि स्थितिहरुसँग पटक-पटक सामना भइ नै रहन्छ । अझ भनौँ मार्क्सवादको विकास यस्तै कठिनताको बीचबाट गुज्रेर हुने गर्दछ । तर जतिबेला वैचारिक साँस्कृतिक मूल्यहरु प्रहारका निशाना बनी रहेका हुन्छन्, त्यसै बेला जनवादी साँस्कृतिक सर्जकहरुको कोसेढुंगाको रुपमा उभिन्छन् । कृष्णसेन इच्छुक यस्तैकोसे ढुंगा हुन् । ........ यस्तै यस्तै भावहरु व्यक्त भइरहेका थिए मंचमा । अमर गिरीले इच्छुकको क्रान्तिप्रति प्रतिबद्ध कवि व्यक्तित्वको प्रशंसा र आत्मीयता पनि व्यक्त गर्नु भयो । नीनू चापागाईले कृष्णसेन इच्छुक भित्र राजनीतिज्ञ , पत्रकार र साहित्यकारको समग्र चित्रको दर्शन गर्नु , गराउनु भयो । प्रायः सबै वक्ता र कविहरुले साम्यवादी आन्दोलनमा देखिएको साँस्कृतिक ह्रासप्रति चिन्ता व्यक्त गरेका थिए । तर एउटा सकस भने सबैमा देखिएको थियो– आफ्नै भन्नेलाई आलोचनाको निशाना बनाउने स्थिति । त्यतिबेला कयौँको बौद्धिकता र प्रतिबद्धता बीचको अन्तर छ्याङ्ग देखिएको थियो , जसले प्रहसनात्मक स्थिति सिर्जना गरी रहेको थियो ।

यस्तै स्खलित समयका विरुद्ध जुट्ने र उत्पीडित वर्ग र समुदायको राज्य व्यवस्थाको पक्षमा दृढतापूर्वक लाल झण्डा उचाल्दै सर्वहारा संस्कृति र नैतिकताको पक्षमा उभिने प्रगतिवादी साँस्कृतिककर्मीहरुको दायित्वबोध र सक्रियता आजको आवश्यकता देखिन्छ । इच्छुकको समग्र उदात्त जीवन र बलिदानको गाथा यस दायित्वबोधको अनुपम उदाहरण हो । क्रान्तिकर्म प्रति सतत् सम्झौताहीन जीवन यात्रीको नाम हो कृष्णसेन इच्छुक ।

मालेमावाद क्रान्ति र प्रतिक्रान्तिका् भीषण टक्करको बीचबाट विकसित हुन्छ । अहिले नेपाली साम्यवादी आन्दोलन माथी साम्राज्यवाद र विस्तारवादको भीषण प्रहार कति मार्मिक र घातक छ भन्ने मर्म , नेकपा (क्रान्तिकारी माओवादी)को पछिल्लो विभाजनको मूल विषय – नयाँ जनवादी विचार मान्ने कि नमान्नेमा केन्द्रित हुनूबाट बुझ्न सकिन्छ ।

कार्यक्रममा प्रमुख अतिथिको रुपमा उपस्थित क्रान्तिकारी माओवादीका अध्यक्ष कमरेड किरणले व्यक्त गर्नु भएको विचारमा नयाँ जनवादी सँस्कृतिकर्मीहरुको गोलबन्दी र व्यापक बहसको आवश्यकता , आफ्नै साथीहरु स्खलित हुँदै जानूको पीडाबोध र ऐतिहासिक क्रान्तिकारी दायित्वबोध प्रति अडिग, अथकित र समर्पित यात्राको दृढ संकल्प अभिव्यक्त भएको थियो ।

उनको भनाई उद्बोधक र मार्मिक थियो । उनले भनेका थिए – " निराश न होऔँ , इतिहासलाई अगाडी डोऱ्याउन चाहनेहरु कयौँ यात्रीहरु थाक्छन् , भाग्छन् , आत्मसमर्पण गर्दछन् । बाँकी बचेकाहरुले इतिहासको भारी बोकेर हिडनु पर्ने हुन्छ । लाग्छ इतिहासको भारी बोकेर हामी हिड्दैछौँ । हामी देश र जनताको लागी हिडदैछौँ । अवसरवादीहरुले क्राँन्तिकारीहरुमाथी भीषण प्रहार गर्दछन् । क्रान्तिकारीहरुले पनि आफ्ना कमी-कमजोरीहरुलाई सच्याउँदै नयाँ ढंगले अगाडी बढन जरुरी छ ।

इच्छुकको आदर्श सपना हो । हाम्रा हातबाट त्यो सपना मार्ने कि नमार्ने ? प्रश्न यहाँ छ । वैचारिकरुपमा हामीसंग इतिहासले यै प्रश्न गर्दछ । एक थरी सपना मार्न गई राख्या'छन् । हामी भन्दछौँ – सपना मारेर मर्दैन । हामी सपनाको निम्ती मर्न तयार हुनुपर्दछ , बलिदान हुन तयार हुनुपर्दछ । इच्छुकले देखाएको बाटो बलिदानको बाटो हो , सुख-सुविधाको बाटो होइन ।.....

जतिसुकै कुरा गरेपनि यहाँ दुइटा बाटाहरु छन् – सुख सयल हुँदै अवसरवादी बन्दै प्रतिक्रियावादीकरण हुने बाटो छ एउटा । र एउटा त्यागको बाटो , वीरताको बाटो , क्रान्तिको बाटो , सपनाको बाटो । कुन बाटो पक्रनु पर्ने हो भन्ने छनौट हामी प्रत्येक राजनीतिककर्मीहरुले , साँस्कृतिककर्मीहरुले गर्नु जरुरी छ ।

निधार खुम्च्याएर सोँचौँ , बहस गरौँ , एकताबद्ध भएर राजनीतिकर्मीलाई बाटो देखाउने काम हामी सबैले गरौँ । हामीले आदर्शलाई भत्कन दिनु हुँदैन । सपना र आदर्शका खातिर हामी नयाँ अभियानमा लागौँ । सेनलाई सम्झन र श्रद्धा गर्ने बाटो यही हो । "

नेपालमा माओवादी आन्दोलन सबैभन्दा संकटपूर्ण घडीबाट गुज्रँदै छ । यतिबेला माओवादी जनयुद्ध इतिहास भैसकेको र माओवादी शक्ति विभाजित अवस्थामा छ भने हिजो नयाँ जनवादको झण्डा उचालेर हिडने मध्ये बाटै यसप्रति भीषण हमला हुँदैछ। कृष्णसेन जीवन भरी नयाँ जनवादी झण्डाका सारथी रहे । कृष्णसेन हिँडेको बाटोमा लाग्नू र नयाँ जनवादी क्रान्ति र नयाँ जनवादी सँस्कृतिको पक्षमा दृढतापूर्वक उभिनु नै जनसँस्कृतिकर्मीहरुको वर्तमान दायित्व हुन सक्दछ , र सार्थकता पनि ।

अँ ! इच्छुकका सपनाहरु के थिए त ? उनले एक्काइसौँ शताब्दीलाई ' महान मुक्तिको शताब्दी ' घोषणा गरे । यो उनको महान सपना पनि हो र महान लक्ष्य पनि । आउनोस उनको सपना उनकै शब्दहरुमा पढौँ र संकल्पित होऔँ :

*"र साँचो अर्थमा जबसम्म*
*आजको कुरुप धर्ती*
*मानव जातिको सुन्दर बस्तीमा*
*बदलिन सक्ने छैन*
*तबसम्म जारी रहने छ*
*साझा संसार निर्माण गर्ने*
*हाम्रो संकल्पको यात्रा*
*तबसम्म जारी रहनेछ*
*साझा संसार निर्माण गर्ने*
*हाम्रो संघर्षको यात्रा*
*र, एक न एक दिन जरुर*
*हाम्रो गुलाबी विपनामा फेरिने छ*
*र , यो एक्काइसौँ सदी*
*हाम्रो मुक्तिको महान सदी हुनेछ ।*
*र, यो तेस्रो सहस्राब्दी*
*हाम्रो विजयको महान सहस्राब्दी हुनेछ ।"*
***(बन्दी र चन्द्रागिरीबाट)***

(विचार र भावको सान्दर्भिकताका कारण यस आलेखलाई साहित्य स्तम्भमा यहाँ प्रस्तुत गरिएको हो ।– **सं.**)

## कविता

## सातुमा फुलेको युद्ध

■ सोनाम सज्जन किराती

सातु
याने कि पोरिज
यस्को बोटमा
कुनै बखत
निसंकोच महान युद्ध
फुलेथ्यो
आज सम्झनामा
मसित
दिउशिय खजना बनेर
राजधानीको कुना
कुनामा डुलीरहेछ
पसिनामा भिजेर

म पसिनाको
तलाउ बनाउन
चाहन्छु यो खाउलो काठमाण्डु
उ मलाई रित्याउन
डौडधुप गरिरहेछ ।
आरोप हैन
त्यो वर्गीय युद्धको
उन्मादले मातेर
मेरो सातु खाने
संगी ह्वीस्की र
रमहरु फुलाईरहेछ
मदेखि भागेर

अनि छिः भन्दै
सातुमा लतपतिएको
मेरो हात देखेर
सुकिलाहरुको वकालत
फलाकीरहेछ
यो यलाखोमभित्र
फलेको हाम्रो कार्यकर्ता
म उस्लाई बदल्न
फेरि सातु उपहार लिएर
कन्स्ट्रक्सन गलैचा उद्योग
फलाम कारखानाहरुतिर
हुत्तिरहेछु

तर म उसलाई
कुनै पनि हालतमा
त्यहाँ देखिरहेको छैन
किनकि उस्ले
श्रममा आभाव देख्छ
पसिनामा जीवनको
खण्डरता महसुष गर्छ
म जस्तै महलहरु
पनि त्यही श्रमिकको
ज्ञान र शीपले हाँसेको
देख्छु
र मालिकहरु फुलीरहेको
भेट्छु
अलवा मेरो छेउको मित्र
मलाई चुसेर
त्यस्तै सैयौ गगनचुम्वी
महल
खडा गर्ने सपनाहरुभित्र
लुकिरहेछ
र दाषताको चाँमाथी बसेर
मलाई त
नचिन्ने पो भई दिएछ ।

## चङ्गा

■ कृष्णभक्त महर्जन 'कगेन्द्र'

मनको गंगा
आकाशको चङ्गा
कुम्भ मेलामा होस्
शुम्भ मेलामा होस्
आ-आफनो डम्फू बजाउदै
चङ्गाको धागो चुडिएकोमा
साढे मिचाइ खिलाची बनेको छ
मनको गंगा
आकाशको चङ्गा
चङ्गा त चङ्गा कुन चाहि चङ्गा
निर्दलीय चङ्गा हो कि
वहुदलिय चङ्गा हो कि
लोकतान्त्रिक चङ्गा हो कि
गणतान्त्रिक चङ्गा हो कि
आ-आफनो गोलचक्रमा फसी
शक्ति पृथ्वीकरणको बाजी मार्दैछ
मनको गंगा
आकाशको चङ्गा
चङ्गाका आख्यान समुन्द्र पारि
चङ्गाको लुट्यान समुन्द्र वारि
चङ्गाका अभिनेताहरुले जलसमाधी
लिंदा
विनाअर्थ अनायासै चालबाजहरु
कालोकोटमा रंगीन झण्डा मडारिर
हेछन्
मडारिरहेछन्
विरुद्धमा,
लालझण्डा उठिरहेछन्, उठिरहेछन् ।

# प्रवासलाई नयाँ ढङ्गले हेर्नुपर्छ : प्रबासी प्रतिनिधिहरु



**काठमाडौं ।** प्रबास आफैमा नेपाली समाजको परिवर्तन र अग्रगमनका लागि उर्वर थलो रहेको मानिन्छ । नेपाली काग्रेस, एमाले, माओवादी लगायतका दलहरुको निर्माण, यसका नेताहरुको बसाइ, नेपालका शासकहरुविरुद्ध गरिने सङ्घर्षको नीति तथा योजना निर्माण सबै भारतीय भूमिबाट हुने गरेको इतिहास हाम्रासामु छ । कहिले कडा रबैया त कहिले नरम नीति अपनाउने भारतीय शासकले प्रवासी नेपालीमाथि निरन्तर निगरानी र नियन्त्रण राख्दै आएको छ । तथापि नेपालीहरु भने निरन्तर संगठित र एकताबद्ध हुँदै आएका छन् ।

प्रवासी नेपालीहरु भारतीय भूमिमा सङ्गठित र एकताबद्ध हुन थालेको इतिहास निकै लामो छ । देशभित्र रोजगारीको अवसर नहुनुको कारणले विदेशिन पुगेका नेपालीहरु आफ्ना हकहित र सुरक्षाका दृष्टिले एकताबद्ध हुन पुगेको कुरा आफैमा व्यवहारिक यथार्थता पनि हो । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) को राष्ट्रिय भेलामा भाग लिन आएका प्रतिनिधिहरुसँगको कुराकानीका आधारमा  हाम्रा प्रतिनिधिले तयार पारेको फिचर यहाँ प्रस्तुत गरिएको छ –

## प्रवासको वर्ग विश्लेषण पुगेन

■ *विष्णु शर्मा*

दिल्लीबाट प्रतिनिधिका रुपमा भेलामा आएका विष्णु शर्मा भन्छन् : 'हालको बदलिएको परिस्थितिमा प्रवासी नेपालीहरुको माझमा गरिएको वर्ग विश्लेषणले काम गर्दैन । यसमा समयसापेक्ष परिमार्जन तथा थप विकास गर्नु आवश्यक छ' । उनका अनुसार प्रवास नयाँ भएको छ । त्यहाँ रहेका 'नेपालीबीचमा पनि वर्ग विश्लेषण' जरुरी छ । होइन भने आफ्नै भित्रबाट फरक वर्ग जन्मेर त्यसलाई खाइदिन सक्छ ।

## करिब २५ प्रतिशत नेपाली मात्र बाँकी

■ *शिव दाहाल*

नोयडा दिल्लीका प्रतिनिधि शिव दाहालका अनुसार सन् २००० भन्दा पहिलेको प्रवासी नेपालीको आँकडा अहिले आनका तान फरक छ । पहिलेको तुलनामा भारतमा जम्मा २५ प्रतिशत मात्र प्रवासी नेपाली रहेका छन् । नेपालीहरु त खाडी क्षेत्रमा जान थालेका छन् । प्रवासमा आधारभूत वर्ग भनेको मजदूर नै हो । हाल निम्नपुँजीपति वर्गले ती सबैलाई प्रयोग गरिराखेको छ । अहिले भारतमा ठेकेदारी वा दलाली सिस्टम प्रयोगमा आएको छ । यसले 'हायर एण्ड फायर' को नीतिलाई प्रश्रय दिएको छ । टुटफुटका प्रक्रियाले मजदूरबीचमा निकै फाटो पनि ल्याएको छ । यो जान वा अञ्जानमा मजदुरले आफैमाथि गरेको भद्दा मजाक मात्र हुन जान्छ । वर्ग चिन्नुपर्छ मजदुरले । हामी चाहन्छौं यसको वस्तुवादी विश्लेषणसहित पार्टी अघि बढोस् ।

## क्रियाशीलताको खाँचो

■ *हेमराज ढुङ्गाना*

महाराष्ट्रको प्रतिनिधित्व गर्दै आएका हेमराज ढुङ्गाना भन्छन्: पार्टी त्यहाँ जीवित नै छ । साथीहरुले होटेल, कोठी र चौकिदारी गर्छन् । युवाको आकर्षण गल्फ कन्ट्रीमा छ । भारतमा नयाँ पुस्ता रोजगारीका लागि प्रवेशमा अलि कठिनाई बढेको आभाष हुन्छ । तर भएका साथीहरुमा सोचेजति नै क्रियाशीलता ल्याउन सकिएको छैन । प्रवासमा रहेका धेरै संघ/सङ्गठनहरुमा निरन्तर क्रियाशीलताको खाँचो पनि छ ।

## बिदामा भएको असमानताले भेटघाट गाह्रो

■ *केशबहादुर थापा*

गुजरातबाट प्रतिनिधिका रुपमा आएका केशबहादुर थापाको अनुभव भने अलिक भिन्दै छ । उनी भन्छन्- कलकारखाना, कोठी, होटल आदिमा हुने असमान विदाका कारण हामीलाई भेटघाट गर्न पनि गाह्रो भएको छ । एकै बारमा विदा नहुने भएकाले यो समस्या सिर्जना भएको हो । तै पनि हामीहरु भेटघाट भइरहन्छौं ।

## सीमानाका पुलिसहरुको ज्यादती  रोकियोस्

■ *आनन्द थापा*

बादलजीहरुको बहिर्गमनले त्यति क्षति पुऱ्याएको छैन । नेपाल कम्युनिस्ट पार्टी प्रवासी भूमिमा उम्रिएर फैलिएको हो । प्रवासको भूमिका सबैभन्दा बढी छ, यहाँ । कम्युनिस्ट पार्टी प्रवासमा नै फल्यो, फूल्यो र फस्टायो । तथापि प्रवासमा अहिले जति धेरै पार्टी फस्टाउनु पर्ने हो, त्यति पुगेको छैन । माओवादी केन्द्रमा पछिल्लो पटक मिसिन गएका साथीहरु एक्लाएक्लै गएका छन् । सङ्गठन हामीसँग छ ।

प्रवासी नेपालीहरु घर फर्कदा निकै सास्तीदिने गरेका छन् सीमानाका सुरक्षाकर्मीहरुले । उनीहरुका कारणहरुले कति तनाव हुन्छ होला सामान्य जनतालाई । यसमा न त सरकारको ध्यान गएको छ । न त कुनै संघसंस्थाको ? हाम्रो पार्टीले यसमा ध्यान पुऱ्याए राम्रो हुने थियो । पत्रकार साथीहरुको सदैव ध्यान पुगोस् ।

## मूलधारको नै प्रभाव छ भारतमा

■ *वीरबहादुर गौतम*

पञ्जाव-जम्मुकश्मिरका प्रतिनिधि वीरबहादुर गौतमले प्रवासी नेतृत्वको समस्या औल्याउँदै त्यहाँको बारेमा राम्ररी सोच्नुपर्ने बताउनु भयो । नेतृत्व बढि मनोगत भएको, कहिले हौसिने र कहिले निरास हुने प्रवासको नेताको चरित्र देखियो । एमाओवादीसँग टुक्रदा उत्साहित भएको नेतृत्व फेरि उसैसँग मिल्न पुग्यो । हामी आश्चर्यमा परेका छौं । पार्टीले प्रवास नेतृत्वका बारेमा गम्भीरतापूर्वक सोचोस् ।

## स्कुलिङ चलाउनु पर्छ

■ *दीपक विश्वकर्मा*

पञ्जाबका प्रतिनिधि दीपक विश्वकर्माका अनुसार प्रवासमा स्कूलिङको जरुरी छ । वर्गको उत्थान होइन, वर्गको रक्षा र नेतृत्व जरुरी छ । निरन्तर ट्रेनिङको व्यवस्था होस् ।

## विभागहरु चुस्त होऊन्

■ *सुरज बिष्ट*

नोयडाका प्रतिनिधि सुरज बिष्टका अनुसार भारतमा बस्ने नेपालीहरुमाथि विभेद छ । यो विभेद पहिलेदेखि नै चलिआएको छ । १९५० लगायतका असमान सन्धिसंझाताहरुका कारणले पनि यसो हुन पुगेको हामीलाई महसुस भएको  छ । विभिन्न विभागहरुलगायत कुटनीतिक नियोगसँगको सम्बन्धलाई ध्यान दिइयोस् ।

## भावनात्मक र मित्रवत् कार्यक्रमहरु चलाउनु पर्छ

■ *डम्बर न्यौपाने*

मध्यप्रदेश भूपालको प्रतिनिधित्व गरेर आएका डम्बर न्यौपानेको विचारमा पार्टीले भारतप्रबासमा निकै ध्यान दिनुपर्छ । पार्टी त्यहाँ सङ्कटमा छ आज । यसलाई गम्भीरतापूर्वक लिनु पर्छ । प्रबासमा नेतृत्वको विकास कसरी गर्ने भनी सोच्नुपर्छ । प्रबासको सङ्गठन निर्माणमा केही त्रुटीहरु रहने गरेका छन् । अहिले साइबरको युग छ । भावनात्मक र मित्रवत कार्यक्रमहरु चलाउनु पर्छ । त्यसका लागि आवश्यक नेतृत्व देओस् ।

## प्रबासलाई सङ्लो पानी झैं हेरियोस्

■ *एम्बी हमाल*

वर्तमानमा बादलको फूटले केही आतङ्क र आशङ्का त जन्माएको छ । तर साथीहरु हामीतिर नै छन् । विचारको हिसाबले नवसंशोधनवादीहरुको भण्डाफोर र भ्रम साफ त गर्नै पर्छ । हाम्रो साथीको बीचमा प्रष्टता ल्याउनु पर्छ । प्रबासलाई राम्रो नेतृत्व दिएर सङ्लो पानी झैं हेर्नुपर्छ ।

## भारतको भूमिमा हुर्किएको नेता नै हुनुपर्छ

■ *शम्भुकुमार थापा*

नेकपा (क्रान्तिकारी माओवादी) बनेपछि हामी निकै नै उत्साहित छौं । हामीमा भावनात्मक र वैचारिक एकता छ । प्रबासमा भएको सङ्गठन निकै खुशी छ । तथापि बादलहरुको फूटले केही साथीमा अन्यौलता पैदा गरिदिएको छ । यो बलामा भारतमा त्यही हुर्किएको नेता प्रबासी नेपालीहरुमाझ उभिनु जरुरी छ ।

## क्रान्तिकारी ... ...

कार्यक्षेत्रमा जुटिसकेको संयोजक सुवेदीले जानकारी दिए ।

यता चर्चित लेखक, कवि तथा साहित्यकार इश्वरचन्द्र ज्ञवालीको अध्यक्षतामा रहेको अखिल नेपाल जनसाँस्कृतिक महासंघको बैठकले केही महत्वपूर्ण निर्णयहरु गरेको छ । नेता ज्ञावलीले दिएको जानकारी अनुसार साहित्यकार तथा कवि हिरामणि दुखीको संयोजकत्वमा ३१ सदस्यीय अखिल नेपाल लेखक संघको पुनर्गठन गरिएको छ । त्यसैगरी कलाकार असल पाख्रिनको नेतृत्वमा सामना साँस्कृतिक परिवारलाई पनर्गठन गरिएको छ भने कवि मित्रलाल पंगेनीको नेतृत्वमा प्रत्येक महिला मार्क्सवादी सौन्दर्य चिन्तनका विषयमा छलफल तथा बहस संचालन गर्ने र 'नयाँ यथार्थ' नामक साहित्यिक पत्रिकालाई निरन्तर रुपमा प्रकाशन गर्ने निर्णय गरेको छ । देशीविदेशी प्रतिक्रियावादी, दक्षिणपन्थी दलाल शक्ति तथा नवसंशोधनवादीहरुले फैलाएको भ्रमलाई चिरेर क्रान्तिकारी मूल्य मान्यताहरु स्थापित गराउन र क्रान्तिकारी आशावादले पार्टीपंक्तिलाई समृद्ध तुल्याउन यो महासंघले नेतृत्वदायी भूमिका निर्वाह गर्ने महासंघका नेताहरुको दावी छ ।


महिला नेतृहरु अम्बिका रेग्मी र अम्बिका मुड्भरी संयोजक र सहसंयोजक रहेको अखिल नेपाल महिला संघ (क्रान्तिकारी)को बैठकले ७५ सदस्सीय भेला आयोजक समिति पुनर्गठन गर्दै मंसिर १४-१५ गते राष्ट्रिय भेला गर्ने मिति तय गरेको छ । बैठकले महिलामाथि हुने सबै प्रकारका उत्पीडनका विरुद्ध जिल्लाको सापेक्षतामा एकल वा संयुक्त संघर्ष सञ्चालन गर्ने निर्णय गरेको छ । सो सङ्गठनको केन्द्रीय कार्यालय घट्टेकुलोस्थित इच्छुक साँस्कृतिक प्रतिष्ठानबाट सञ्चालन गर्ने पनि जनाएको छ ।

यता लाखौं मजदुरहरुको मुक्तिकामी सङ्गठन अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघले २५ असारभित्र १० वटा घटक सङ्गठनको बैठक बसेर आन्दोलनका कार्यक्रमहरु सार्वजनिक गर्ने निर्णय गरेको छ । अखिल नेपाल क्रान्तिकारी यातायात, होटल तथा रेष्टुराँ, औद्योगिक, निर्माण, सेक्युरिटी, संघसंस्था, पर्यटन, चियाबगान र पेट्रोलियम मजदुर संघको बैठक बस्ने निर्णय गरेको हो ।

सरकार र एनजिओको भूमिकामा सीमित हुन पुगेका कांग्रेस, एमाले र माकेसम्बद्ध मजदुर सङ्गठनहरु मिलेर ल्याएको नयाँ श्रम ऐनले मजदुर हरुको अधिकार अपहरण गरेको दावी क्रान्तिकारी ट्रेड युनियन महासंघले गरेको छ । यसका संयोजक इश्वर तिम्सिनाका अनुसार नयाँ श्रम ऐनले २४० दिन श्रम गरेपछि स्वतः स्थायी हुने मजदुरको अधिकार खारेज गरिदिएको छ । नो वर्क नो पे, हायर एण्ड फायर प्रणाली उनीहरुले बर्जजस्त लागू गर्न खोजेका छन् । संयोजक तिम्सिनाका अनुसार क्रान्तिकारी ट्रेड यूनियन महासंघले नयाँ श्रम ऐनका विरुद्ध देशव्यापी आन्दोलनको घोषणा गर्ने तयारी गरिरहेको छ ।

त्यसैगरी विध्यार्थी र शिक्षक सङ्गठनले शैक्षिक माफियाहरुका विरुद्ध संघर्षको कार्यक्रम ल्याउने तयारी गरिरहेको बुझिएको छ भने अन्य जातीय मोर्चा तथा सङ्गठनहरुले आ-आफ्नो सापेक्षतामा संघर्षका कार्यक्रमहरु घोषणा गर्ने तयारीमा जुटेका छन् ।

## शुल्कवृद्धिका विरुद्ध अखिल क्रान्तिकारी




**चितवन।** अखिल क्रान्तिकारी सडक बाघको रुपमा स्थापित संगठन हो भन्दै अखिल क्रान्तिकारी चितवनले सरकारले बढाएको तलव बृद्धिलाई बहाना बनाएर आंगिक क्याम्पस, पब्लिक कलेज र सामुदायिक तथा निजी उच्च माविहरुले शुल्क वृद्धि गर्न खोजेको प्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

संगठनका जिल्ला संयोजक अमृत चापागाईले जारी गरेको विज्ञप्तीमा शिक्षाजस्तो महत्वपूर्ण क्षेत्र आज निजी करणले आक्रान्त बनेको भन्दै यो वा त्यो वहानामा अभिभावक तथा विध्यार्थीको ढाड सेक्ने गरी शुल्क वृद्धि गरेमा संगठन जस्तोसुकै आन्दोलन बाध्य हुने चेतावानी दिएका छन् ।

## आलोपालो

# राष्ट्रिय भेला : ऐतिहासिक हुनुका केही विशिष्टता



प्रा.डा.जगदिशचन्द्र भण्डारी

नेपालको कम्युनिस्ट आन्दोलनको मुख्य धाराका रुपमा रहेको नेकपा (क्रान्तिकारी माओवादी)को राष्ट्रिय भेला भर्खरै (असार ६, ७, ८ र ९गते) भव्यतापूर्वक सम्पन्न भएको छ । यसले नेपालभित्र र बाहिर एउटा विशिष्ट किसिमको तरंग समेत पैदा गरेको छ। यसबाट नेपालभित्रका आफूलाई कम्युनिस्ट भन्ने र संसदीय दलदलमा फसेका कथित कम्युनिस्ट तत्वले फैलाएको भ्रम, अन्यौल र आशंकालाई चिर्ने काम भएको छ । विश्वका क्रान्तिकारी शक्तिलाई नेपालको क्रान्तिकारी शक्तिको राष्ट्रिय भेला र त्यसले अवलम्बन गरेको कार्यदिशा, कार्यनीति र भावी संघर्ष एवम् विद्रोहको संकेतले थप आशावादी बनाएको छ ।

वितेका केही वर्षमा नेपालको कम्युनिस्ट आन्दोलनमा देखा परेको विचलन, दक्षिणपन्थी अवसरवादका साथै प्रतिक्रियावादमा भएका पतनले उत्पीडित वर्गमा आएको निराशा, उत्साहहीनता र पलायनतालाई आशा, उत्साह र जागरुकतामा बदल्नु पर्ने आवश्यकताको बोध गरी दीर्घकालीन सफलताका निम्ति तात्कालिक सफलता वा संकीर्ण स्वार्थका सबै किसिमका विजातीय अवसरहरुको त्याग गर्दै अगाडि बढ्नुपर्ने कुरालाई मनन गरी भएको ऐतिहासिक राष्ट्रिय भेलाले क्रान्तिकारीहरुमा असल सन्देश प्रवाह गरेको छ । नेपालका जनताको क्रान्तिकारी भावनालाई ध्वस्त गर्न देशभित्र र बाहिरका प्रतिक्रियावादी, दक्षिणपन्थी अवसरवादी र संशोधनवादीहरु अनेकौं षड्यन्त्र र भीषण प्रहार गर्न केन्द्रित भएको बेलामा भएको राष्ट्रिय भेलाले प्रतिक्रियावादी तथा दक्षिणपन्थी नवसंशोधनवादीहरुमाथि विजय प्राप्त गरेको रुपमा पनि राष्ट्रिय भेलालाई लिन सकिन्छ । कम्युनिस्ट आन्दोलनलाई मालेमावादको पथप्रदर्शनमा नयाँ तरिकाबाट संगठित गरी सामन्तवाद, साम्राज्यवाद तथा नवसंशोधनवादको प्रहार र चुनौतीका विरुद्ध नयाँ जनवादी क्रान्तिका दिशामा अगाडि बढ्ने र सर्वहारावर्गको मुक्तिलाई नजिक ल्याउने अभिभारामा क्रान्तिकारी माओवादी उभिएको छ भने राष्ट्रिय भेलाले जन्माएको अनुभूति सबैतिर भएको छ ।

नेकपा (क्रान्तिकारी माओवादी)को विशेष राष्ट्रिय भेलाले पार्टीभित्र विकसित भएको नवसंशोधनवादी पुच्छर प्रवृत्ति, जसको नेतृत्व रामबहादुर थापाले गर्दै आएका थिए, सँग पार्टीभित्र प्रभावी बन्दै गएको दक्षिणपन्थी नवसंशोधनवादी प्रवृत्तिका विरुद्धको वैचारिक संघर्षले निष्कर्ष प्राप्त गरेको छ । विशेषगरी नेकपा (क्रान्तिकारी माओवादी)को वैचारिक, राजनीतिक र सांगठानिक सबै रुपलाई ध्वस्त पारी नवसंशोधनवादी, प्रतिक्रियावादीको स्वार्थ पूरा गर्न र त्यसैमा समाहित हुन खोजेको बादलगुटको अन्तर्ध्वंसात्मक प्रवृत्तिलाई समयकै पहिचान गर्न नसकिए पनि भेलाद्वारा त्यसप्रति विजय प्राप्त गरिएको छ । हिटलरको 'राष्ट्रिय समाजवाद र ख्रुश्चोभको 'राष्ट्रिय प्रजातन्त्र'को वकालत गर्ने बादलगुटको षड्यन्त्रलाई स्पष्ट पार्ने काम र त्यसले आम जनता र अन्य तत्कामा पारेको विभ्रमलाई स्पष्ट्याउने कार्य भेलाले गर्नु आफैमा भेलाको महत्व र विशिष्टता रहेको देखाउँछ ।

नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी सर्वहारावर्ग र उत्पीडित जनतालाई मुक्त गर्न क्रान्तिकारी पार्टीको निर्माण गर्ने दिशामा अहिलेको यो राष्ट्रिय भेला ऐतिहासिक बन्न गएको छ र यसले दलाल तथा नोकरशाही पुँजीपति एवम् सामन्तवादी प्रतिक्रियावादी राज्यसत्ताको आर्थिक, राजनीतिक, साँस्कृतिक सबै क्षेत्रमा भएका उत्पीडनका विरुद्ध कम्युनिस्ट आन्दोलनलाई नयाँ तरिकाबाट सुदृढ गर्दै अगाडि बढ्न उत्प्रेरित गरेको छ ।

नेपाली समाजको प्रकृत्ति र स्वरुपको विश्लेषण गरी नयाँ जनवादी क्रान्तिको कार्यदिशालाई समृद्ध पार्ने कामको पहिचान र त्यसको निर्धारणसमेत गर्नु र नेपाली जनविद्रोहका लागि ऐतिहासिक अनुभवका साथै सहर र गाउँ अनि केन्द्र र स्थानीय क्षेत्रहरुको संयोजन गरी रणनीति र कार्यनीतिलाई सचेततापूर्वक विन्यास गर्ने कुराको बोध गरेको छ । दक्षिणपन्थी संशोधनवादीका कारणबाट नयाँ जनवादी क्रान्तिले धक्का खाएको र अर्धसामन्ती तथा अर्ध/नवऔपनिवेशिक अवस्था नै विद्यमान रहेको अवस्थामा जनवादी क्रान्तिको आवश्यकता झन् बढेको निचोड नै अहिलेको राष्ट्रिय भेलाको संश्लेषण हो । सबैखाले दक्षिणपन्थी संशोधनवादीहरु पुँजीवादी जनवादी क्रान्तिको आवश्यकता नरहेको कुराको पक्षधरतामा एकै ठाउँमा उभिएका छन् र तिनले नेपालमा जनवाद/समाजवाद ल्याउनभन्दा पनि प्रतिक्रियावादमै एकाकार भई क्रान्तिविरोधी कार्य गर्दै आएका छन् । संसदवाद र बहुलवादलाई आधार बनाई गरिने राजनीतिको सैद्धान्तिक र वैचारिक पीथिका दक्षिणपन्थी अवसरवाद नै हो भन्ने कुरा स्पष्ट भइसकेको छ । नेपालका जनताको राष्ट्रियता, जनतन्त्र र जनजीविकाको समस्या यथावत् रहिरहेकै अवस्थालाई तिनले नदेख्नु भनेको प्रतिक्रियावादमा पतन हुनु हो र वैचारिक रुपमा नवसंशोधनवादी हुनु हो । दलाल बन्दै र अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादका सामु आत्मसमर्पण गर्नु एवम् सर्वहारावर्गविरोधी मुक्तिमा लहसिनु तथा तात्कालिक फाइदाका निम्ति ऐतिहासिक उपलब्धिसमेतलाई त्याग गर्नु तिनको वैचारिक राजनीतिक अपराध कर्म हो, नेकपा (क्रान्तिकारी माओवादी)को राष्ट्रिय भेलाले उक्त सन्देश दिएको छ ।

## राष्ट्रिय भेलाको ...

र दुईलाइन सङ्घर्ष हुनु स्वभाविक हो । त्यसलाई सार्थक टुङ्गोमा नपुऱ्याई हरेक पार्टी सदस्यहरुलाई, आफ्नो कदमको उचित वैज्ञानिकता पुष्टि नगरी केन्द्रीय समितिबाटै पलायन र अर्काको नेतृत्वमा विलिन हुनु भनेको आत्मसमर्पणबाहेक केही होइन । गणना त जिउँदा मानिसहरुको मात्र हुन्छ । दुईलाइन सङ्घर्षलाई सार्थक निष्कर्षमा पुऱ्याएर राष्ट्रिय सम्मेलनसम्म गएर आफ्ना विचार मार्फत् कमरेडहरुलाई चित्त बुझाएर गएको भए भविष्यमा कसको विचार सही सावित हुने हो, त्यो त हुँदै जाने थियो । कम्तिमा विधि प्रक्रिया त मिल्ने थियो । बिना नियम कानुन ग्राउण्ड बाहिर खेल खेलेर मैले एक पक्षीय रुपमा यति गोल गरें भन्नुको के अर्थ छ र ? एउटा जिउँदो जाग्दो पार्टीमा स्वस्थ ढङ्गले अन्तरसङ्घर्ष र दुईलाइन सङ्घर्षलाई एउटा तार्किक निष्कर्षमा नपुऱ्याइ बिचबाटै भाग्नु पलायन हुनु हो । विसर्जन र मृत्यु हो, मृतकको गणना हुँदैन ।

यो संसारमा जिउँदा ८ अरब मानिस छन् । तिनीहरुको मात्र गणना हुन्छ । यो धर्तीमा आजसम्म कति मानिस जन्मे, कति मरे त्यसको अभिलेख संसारको कुनै खातामा छैन । मरेकाहरुको जनगणना हुँदैन । पूर्व चौममा एकपटक ०४० सालमा यस्तै समस्या आएको थियो । महाधिवेशनले चुनेको बहुमत केन्द्रीय सदस्य मर्ने, भाग्ने, राजिनामा दिएर अल्मपत परेपछि बाँकी रहेका केन्द्रीय सदस्यहरुले क.किरणकै नेतृत्वमा अस्थायी केन्द्रीय समिति बनाएर ३ महिनाभित्र राष्ट्रिय सम्मेलन गरी पाँचौ राष्ट्रिय सम्मेलन आयोजक समिति बनाएको थियो । त्यसबाटै पाठ सिकेर अन्तर्राष्ट्रिय अनुभवलाई समेत समेटेर पाँचौं महाधिवेशनको विधानमा लेखिएको थियो । महाधिवेशनले चुनेका बहुमत केन्द्रीय समिति मरेमा, सहिद भएमा, राजिनामा दिएमा, दुश्मनको कब्जामा परेमा, पलायन भएमा बाँकी रहेका केन्द्रीय सदस्यहरुले पार्टी र क्रान्तिका कामहरुलाई अगाडि बढाउँदै निश्चित अवधिमा राष्ट्रिय भेला, सम्मेलन वा महाधिवेशन गरेर केन्द्रीय समितिलाई वैधानिकता दिनेछन् । यो नजिरलाई पछ्याउँदै हाम्रो पार्टीले ठीक त्यही विधि लागु गरेको छ । ०७३ जेठ ६ गते बादल समूह प्रचण्डमा विलिन (हुन त बाबुराम प्रचण्डमा र बादल बाबुराममा विलिन भएको ०६२ असोजको चुनवाङ बैठकमै हो, त्यसदेखि यता कसरी छुट्टै अस्तित्व रह्यो, खोज अनुसन्धानकै विषय होला) भएको ठीक एक महिनापछि असार ६ गते राष्ट्रिय सभागृहमा भव्य रुपमा राष्ट्रिय भेलाको उद्घाटन गरेर ७ र ८ गते पुरानो बानेश्वरमा बन्दसत्र गरी बाँकी रहेका केन्द्रीय सदस्यलाई देश र विदेशबाट आएका झण्डै ७ सयजना पार्टी प्रतिनिधिले आफ्नो मत जाहेर गर्दै 'डेढ हजारी लाल' लाई चुनौती दिंदै १९९ जनाको केन्द्रीय सदस्यलाई खारेज गरी एकमतका साथ कर्त्वल ध्वनीका बीच ९५ जनाको मात्र केन्द्रीय सङ्गठन समितिको चयन गरेको छ ।

डेढ हजारको केन्द्रीय समिति विश्व कम्युनिस्ट आन्दोलनमा न कतै पढिएको छ न देखिएको नै छ । जतिठूलो केन्द्रीय समिति त्यति धेरै मानिसहरुको हातमा नोकरशाही अधिकार निहीत हुन्छ । देश, जनता, पार्टी र क्रान्तिको काम गर्न ठूलो केन्द्रीय समिति चाहिंदैन । पूर्व माओवादीको १८ जना केन्द्रीय समितिले संसार हल्लाउने जनयुद्धको उद्घोष गरेको थियो र पूर्व माओवादीकै ३५ सदस्यीय केन्द्रीय समितिले नेपालकै निर्वाचनमार्फत् सबैभन्दा ठूलो पार्टी बनाएको थियो । त्यसैले संख्या होइन, गुणमा विश्वास गर्नुपर्छ । ४ जनाले पहिलो पार्टी खोलेका थिए भने सोभियत संघको कम्युनिस्ट पार्टीको महाधिवेशन समेत १४/१५ जनाको बीचमा भएको इतिहास साँक्षी छ । यी त भए विधि, विधान र नियमका कुरा । तर मुख्य कुरा विचारको हो ।

हाम्रो पार्टी क्रान्तिकारी माओवादीले पार्टी एकताको आधार तयार पार्न भनेर ७ बुँदे प्रस्ताव तयार पारेको थियो । त्यसमा ओठेभक्ति नै सही जनवादी केन्द्रियता मान्ने, बल प्रयोगको भूमिका र मालेवाद मान्ने कुरा मिलेको भनेर प्रचण्डले क्रान्तिकारी माओवादीमा पत्र बठाएका थिए । पत्रअनुसार नै पनि ४ वटा बुँदा नमिलेको प्रष्ट हुन्छ । ४ नं. बुँदामा इतिहासको वस्तुनिष्ठ समीक्षा गर्ने र आत्मालोना गर्न तयार हुने भन्ने छ । सेक्टरकाण्ड असफल भयो भनेर महासचिवको मुख्य नेतृत्व हत्याउने प्रचण्डले सुप्रिम कमाण्डरको हैसियतले खारा ब्यारेकको नेतृत्व गर्दा शर्मनाक हार हुनासाथ राजिनामा दिएर नेतृत्व अरुलाई हस्तान्तरण गर्नुपर्दैनथ्यो ? विश्वको छैठौं अर्थतन्त्र भएको भारतमा भाइचार पार्टी भाकपा (माओवादी)ले नयाँ जनवादी क्रान्तिको लागि सशस्त्र सङ्घर्ष गरिरहेको छ । विश्वको गरिब देश अर्ध/नवऔपनिवेशिक र अर्धसामन्ती देशमा नयाँ जनवादी क्रान्ति पूरा भयो । बाँकी रहेको कार्यभारलाई पूर्णता दिंदै समाजवादी क्रान्ति गर्ने भन्नेले नयाँ जनवादी क्रान्ति गर्ने भन्नेसँग कसरी पार्टी एकता सम्भव थियो ? यो व्यवस्था संसदीय व्यवस्था हो भनेर लेखिएको संविधानमा प्रचण्डलगायत ८३ जना सभासदले हस्ताक्षर गरेका छन् । अनि मुखले "हामी संसदीय व्यवस्था मान्दैनौं" भन्न मिल्छ ? अनि कसले पत्याइदिन्छ ? संसदको विरोध गर्नेसँग मात्र हाम्रो पार्टी एकता हुन्छ भन्नेसँग कुरा कहाँ मिल्यो ? यो संविधान समग्रमा पश्चगामी र प्रतिक्रियावादी हो भनेर बादल र गुरुङसहित भएको निर्णयलाई धोती लगाउँदै बादल र गुरुङ संविधान लागु गर्ने प्रक्रियामा पुगेका छन् । आफैले बहिष्कार गरेको संविधानसभाको थुक चाट्न र त्यसलाई लागु गर्न जाँदा कहाँनेर पार्टी एकताको आधार भेटिन्छ ? यो व्यवस्था प्रतिक्रियावादी व्यवस्था हो भनेर प्रचण्डले पत्र पठाएका थिए । अनि प्रतिक्रियावादीको मन्त्रीमण्डलमा जान मिल्छ ?

तलबाट सशस्त्र जनाताले विद्रोह गर्ने र माथिबाट सर्वहारा वर्गले सचेत हस्तक्षेप गरेर प्रतिक्रियावादी व्यवस्थालाई ध्वस्त पारेर सर्वहारा वर्गको हातमा सत्ता ल्याउन सकिन्छ भनेर लेनिन र माओले भनेका थिए । अस्थायी क्रान्तिकारी सरकारमा 'उपयोगको नीति' लिएर सहभागी हुन सकिन्छ भने पनि १९१७ को फेब्रुअरी क्रान्तिपछिको अस्थायी क्रान्तिकारी सरकारमा तुरुन्तै प्रतिक्रियावादीहरु हावी भएर भनेर लेनिन त्यस्तो सरकारमा सहभागी भएनन् । त्यसैगरी माओले पनि जापानी साम्राज्यवादीलाई धपाइसकेपछि १९४५ को चुङ्किङ वार्तापछि त्यही भनेर सरकारमा सहभागी भएनन् ।

सेना र सरकार सत्ताको मेरुदण्ड हो । यसमा खेलाँची गर्नु हुँदैन । अहिलेसम्म सरकारमा क्रान्तिकारी मालेमावादी गएका छैनन् र जानु हुँदैन । पार्टीकै निर्णयअनुसार ०६३ माघ ५ देखि २०७० सालसम्मको सरकारमा माओवादी सरकारमा सहभागी भएको छ । इतिहासको वस्तुनिष्ठ समीक्षा हुनुपर्छ । २०७२ असोज ३ मा प्रतिक्रियावादी संविधान जारी भएपछि प्रचण्डहरुको सरकारमा सहभागिता भनेको मिलेराँवादमा नाङ्गोरुपले पतन हो । प्रतिक्रियावादी सरकारमा बसेर पानीमाथिको ओभानो बन्न मिल्छ ?

२०७२ चैत्र १२ देखि २१ सम्म चलेको क्रान्तिकारी माओवादीको केन्द्रीय समितिको बैठकमा बादलले मिलेराँवाद २१औं शताब्दीको मार्क्सवाद हो भनेर हद दर्जाको सैद्धान्तिक दरिद्रता देखाए । लेनिनले मिलेराँवादको धज्जी उडाउँदै भन्नुभएको छ - "मिलेराँ अलेक्जेण्डर-एत्तियन सन् १८५९-१९४३ फ्रान्सेली राजनीतिक कार्यकर्ता, सन् १८८० तिर निम्न बुर्जुवा रेडिकल, सन् १८९० तिर समाजवादतिर ढल्के, ले फ्रान्सेली समाजवादी आन्दोलनको अवसरवादी धाराको नेतृत्व गर्छ ।" सन् १८९९ मा वाल्डेक रुसोको प्रतिक्रियावादी बुर्जुवा सरकारमा सम्मिलित भएर यस सरकारमा पेरिस कम्युनका हत्यारा जर्नेल गालिफ्फेसँग मिलेर काम गरे । लेनिनले मिलेराँवादलाई सर्वहारा हितप्रति विश्वासघात तथा संशोधनवादको व्यवहारिक अभिव्यक्तिको रुपमा भण्डाफोर गर्नुभएको छ र यस विचारधाराका सामाजिक जराहरु उदाङ्गो पार्नुभएको छ । सन् १९०९, १९१०, १९१२, १९१४, १९१५ मा मिलेराँ विभिन्न मन्त्री पदहरुमा बहाल रहे ।

यसप्रकार प्रतिक्रियावादी मन्त्रीण्डलमा मन्त्री खान जानेहरुको लेनिनले उहिल्यै भण्डाफोर गर्नुभएको कुरा नेपाली मिलेराँहरुलाई हुबहु लागू हुन्छ । २०६२-०६३ को भन्दा अगाडि जनयुद्ध र जनआन्दोलनका हत्यारा गृहमन्त्री कमल थापासँग मन्त्रीमण्डलमा जाने कुरा कहाँनेर फरक छ ? नेकपा (क्रान्तिकारी माओवादी)को पछिल्लो चैत्रको केन्द्रीय समितिको बैठकदेखि यता मार्क्सवादी साहित्य र मार्क्सवादी शब्दभण्डारप्रति वितृष्णा, घृणा र विचलित हुँदै ख्रुश्चोवको राष्ट्रिय जनवाद, हिटलरको राष्ट्रिय समाजवादको शब्द सापटी लिएर मालेवावादीहरुसँग लड्दा नियतमा जेसुकै होस् परिणाममा नवसंशोधनवादी सुधारवादी हुँदै प्रतिक्रियावादीकरण हुँदै गइरहेको प्रचण्ड समूहमा विलिन हुन पुगेका छन्, बादल-गुरुङहरु । दोस्रो राष्ट्रिय भेलाले एकपटक फेरि सही मालेमावादको विजय गराएको छ भने अवसरवादी धाराको हार भएको छ । महान् मार्क्सले भन्नुभएको छ - "सामाजिक परिवर्तन १० वर्षमा पनि हुन सक्छ, १०० वर्षपनि लाग्न सक्छ, १ हजार वर्षपनि लाग्न सक्छ ।" प्रतिक्रियावादी सत्ताको रसस्वादन गरिसकेका वर्गउत्थान प्रवृत्ति, निम्नपुँजीवादी अधैर्यहरु प्रतिक्रियावादी सत्ता र सरकारमा गएर केही फरक पर्दैन । व्यक्तिगत रुपमा उनीहरुलाई राम्रै होला । व्यक्तिगत जीवन सुखसयल, आरामसाथ त बिताउलान् तर किसान-मजदुर र सर्वहारा वर्गलाई दिइएको धोकाको मूल्य निकै चर्को पर्नेछ । उनीहरुको रिस, आवेग, घृणाको आगोमा पिल्सिएर नवसंशोधनवाद इतिहासको रछ्यानमा फालिनेछ भने क्रान्तिकारीहरु सबै साम्यवादमा पुग्नेछन् । हामी अगाडि बढौं, बाटो जतिसुकै कठीन भएपनि सर्वहारा वर्गको जित सुनिश्चित छ ।

## क्रान्तिकारी माओवादीको ...

गर्ने म्याण्डेट केन्द्रीय समितिलाई दिएको बताइएको छ । जानकारीमा आएअनुसार हाल उनान्सत्तरी जना रहेको केन्द्रीय समितिमा अबको मिटिङबाट सदस्य सङ्ख्या थप गरिने बताइएको छ । यसअघि निर्माण गरिएको थ्री डिजिट अर्थात् तीन अङ्कको केन्द्रीय समिति विसाल आकारबाट अहिलेको केन्द्रीय समिति भने मुक्त भएको छ ।

### मोर्चा निर्माणको प्रस्ताव पारित

क्रान्तिकारी माओवादी निर्माण भएपछि पार्टीका साथै एउटा वैधानिक मोर्चा निर्माण गरेर उक्त मोर्चामार्फत् आफ्ना गतिविधिहरु जनताका माझमा पुऱ्याउने भनी चल्दै आएको छलफल र बहसलाई यो भेलाले साकार रुप दिएको छ । भेलाबाट प्राप्त म्याण्डेटअनुसार अब एउटा सशक्त मोर्चा निर्माण गरेर जनताका जनजीविकाका साथै जनतन्त्र र राष्ट्रियताका मुद्दाहरुलाई यसले जनताको साथ लिएर अगाडि बढाउने छ । सत्ताप्राप्तिपछि सत्ताको साधनको रुपमा काम गर्ने यस मोर्चाले सुरुमा भने सङ्घर्षका कामहरुलाई अघि बढाउने छ। क्रान्तिले सेटब्याक खाएको, पार्टीको आत्मगत अवस्था कमजोर रहेको, जनतामा केही अन्यौलता र अविश्वास रहेको तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिमा कैयौं मात्रात्मक परिवर्तनहरु देखा परेको वर्तमान अवस्थामा संयुक्त मोर्चा निर्माण गरेर अघि बढ्दा देश र जनताका मागहरुलाई सम्बोधन गर्न सहजता हुने ध्येयले मोर्चा निर्माण गर्ने निर्णय गरिएको बताइएको छ ।

### आउँदो फागुनमा राष्ट्रिय सम्मेलन

अहिलेको राष्ट्रिय भेलाबाट विचारको रक्षा, प्रयोग र विकासको द्वन्द्ववादी मान्यता अनुसार त्यसलाई व्यवहारमा लैजाने कुरामा जोड दिइएको छ । नेपालको वर्तमान विशिष्ट परिस्थितिमा हुने नेपाली क्रान्तिको एक अनिवार्य अध्यायको रुपमा जनवादी क्रान्तिको कार्यभार पर्ने भएकाले आउँदो सम्मेलनसम्म यसको वैचारिक, राजनीतिक, साङ्गठनिक तथा सङ्घर्षका तयारीका लागि आवश्यक बहस तथा छलफलहरुलाई पार्टी, मोर्चा तथा जनसङ्गठनहरुमा व्यवस्थित रुपमा चलाउँदै त्यसलाई राष्ट्रिय सम्मेलनमा पारित गरी ठोस रुपमा अघि बढाइने बताइएको छ । यस अर्थमा आउँदो राष्ट्रिय सम्मेलन दूरगामी महत्वको हुने अनुमान गर्न सकिन्छ ।

### २७-बुँदे समसामयिक प्रस्ताव पारित

राष्ट्रिय भेला भव्यरुपमा सम्पन्न गर्दै उक्त भेलाले २७-बुँदे समसामयिक प्रस्ताव पारित गरेको छ । प्रस्तावमा राष्ट्रियता, जनतन्त्र, जनजीविका लगायत जनसरोकारका महत्वपूर्ण विषयहरुलाई समेटिएको छ ।

मोर्चा र जनवर्गीय सङ्गठनहरुको वैठकपश्चात् आआफ्नो विशिष्टतामा सङ्घर्षका कार्यक्रमहरु छिट्टै घोषणा गरिने पार्टीस्रोतले बताएको छ ।

प्रकाशक : रामसिंह बुढाथोकी, प्रधान सम्पादक : कुमार शाह, सम्पादक : इन्द्र राउत, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क नं. : ९८५११३४८३०, इमेल : bargadrishti073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं